जन आकाश
Jana Aakash National Weekly
www.janaakash.com
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १९, अंक- ४, २०८३ साल साउन ३१ गते आइतबार (August 16 , 2026) www.janaakash.com.np

सत्य, तथ्य, निष्पक्ष समाचारको लागि स्वऐच्छिक सहयोग गर्नसक्नुहुनेछ ।

## पूर्वप्रधानमन्त्री देउवा स्वदेश फर्किए

# राजनीतिक बृतमा हलचल

■ मोहन कार्की



पूर्वप्रधानमन्त्री शेर बहादुर देउवा २०८२ साल भदौ २३ गते भएको जेन्जी आन्दोलन र त्यस आन्दोलनवाट भट्किएको २४ गतेको बिध्यस र बिभिन्न समूहवाट आक्रमणमा परी पूर्व प्रधानमन्त्री तथा नेपाली काँग्रेसका निवर्तमान सभापति घाइते भएका थिए । घाईते भएको केही दिनपछि उपचारको लागि देउवा दम्पति सिंगापुर गएका थिए । ४ महिनाको उपचार पछि देउवा स्वदेश फर्केका छन् । निवर्तमान नेपाली काँग्रेसका सभापति स्वदेश फर्कदा नेपाली काँग्रेसका नेता, कार्यकर्ता, शुभचिन्तकहरुको ठूलो संख्यामा त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलमा अगाडी जम्मा भएर देउवाको स्वागत गरेका थिए ।

यता नेपाली कम्युनिष्ट पार्टी र नेकपा एमाले बीच कार्यगत एकता चलिरहेको बेलामा खासै उत्साहित नभएका पुराना पार्टीका कार्यकर्ताहरु पूर्व प्रधानमन्त्री देउवाको स्वदेश फिर्तामा उत्साहित देखिएका छन् ।

देउवा स्वदेश फर्केसँगै काठमाडौको धुम्बाराहीमा रहेको मिराकल पार्टी प्यालेसमा भईरहेको राष्ट्रिय भेलाको उदघाटन गरेका देउवालाई पुराना, नयाँ दुवै खालका काँग्रेसले सहयोग गर्ने सम्भावना बढेर गएको छ । जेन्जी आन्दोलन पछि पार्टीलाई रिफम गर्ने भन्दै महामन्त्री गंगन थापाको संयोजत्वमा बनेको विशेष महाधिवेशनले गंगन थापालाई नेपाली काँग्रेसको पार्टी सभापति बनाएको थियो । त्यस वेलादेखि नेपाली काँग्रेस भित्र विवाद देखिदै आएको छ ।

विवादलाई एकरुपतामा ल्याउने बिकल्पाको खोजी भइरहेको थियो । कसैले पनि विवादको निरुपण गर्ने आट गरेका थिएनन् । »बाकी ११ पृष्ठमा

## यस साप्ताहिकका आजिवन सदस्यहरु

दुर्गा अधिकारी (भमरकोटे)
भुपध्वज बुढाथोकी (मनोज)
कृष्ण के.शी
टेक बहादुर सुनुवार (जोहोन)
कल्याण खड्का
इश्वरी लामिछाने (सुस्मिता)
अजय थापा मगर
योन्देन ग्याल्छो घिसिङ्ग
मुराली प्रसाद ढकाल
रामचन्द्र ढकाल
जयराम विडारी

## स्वास्थ्य प्रणाली सुधार गर्न प्रधानमन्त्रि कार्यालयमा छलफल



काठमाडौं- देशको स्वास्थ्य प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र सुलभ कसरी बनाउने भन्ने विषयमा शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वृहत छलफल भएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहका स्वास्थ्य सल्लाहकार डा. जगदीशप्रसाद अग्रवालको अध्यक्षतामा बसेको बैठकमा आधारभूत स्वास्थ्य सेवा तथा विभिन्न रोगहरूको उपचारलाई व्यवस्थित र एकरुपता ल्याउन अहिलेसम्म जारी भएका मानक उपचार प्रोटोकल (एसटीपी)लाई स्वास्थ्य बीमासँग जोडेर कसरी प्रभावकारी »बाकी ११ पृष्ठमा

# आफ्नै आम्दानीबाट देश बनाउने निति ल्याएका छौं : अर्थमन्त्री



काठमाडौं- अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपालकै आम्दानीबाट देश बनाउने गरी नयाँ बजेट ल्याएको बताएका छन् ।

आफ्नो निर्वाचन क्षेत्र तनहुँको भ्रमणमा पुगेका उनले बिहीबार जिल्ला समन्वय समिति तनहुँको वार्षिक समीक्षा कार्यक्रम उद्घाटन गर्दै यस्तो बताएका हुन् ।

राज्यको कमजोर आम्दानीका कारण ऋण मागेर देशको अत्यावश्यक दैनिक खर्च चलाउने विगतदेखिको अवस्थालाई चिर्न करको दायरा फराकिलो बनाएर थोरै-थोरै जम्मा गरी आम्दानी बढाउने र आफ्नै आम्दानीले »बाकी ११ पृष्ठमा






जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ४,
२०८३ साल साउन ३१ गते आइतबार
16 AUGUST 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# जन आकाशको १८ वर्ष

नेपाली पत्रकारिता त्यति सजिलो विषय होइन । विदेशी दुतावासको भत्ता बुभेर समाचार लेख्ने देखि तस्कार र माफियाले सेन्डिकेट लगाएर नेपाल देश र नेपाली नागरिको अधिकारलाई कुस्ठिन गर्ने समूहहरूको भीडमा नेपालमा देशभक्त, राष्ट्रवादी मानवतामा आधारित भएर स्वतन्त्रता निष्पक्ष भई सत्य, तथ्यको आधारमा सत्य, तथ्य समाचार थाहा पाउने नेपाली जनताको अधिकार पस्कन सक्ने क्षमताको विकास गर्नुपर्ने १८ वर्ष अगाडीको अवस्था थियो । आजपनि त्यो मन्यादित, जवाफदेही पत्रकारिता नेपाल देशको लागि अभैपनि दौडन सकेको अवस्था छैन । यो यात्रामा जन आकाश साप्ताहिक स्थापना गरेपछि हाम्रो टिमले गरेका प्रन्यासहरू कति सफल भए कति भएनन् । त्यो आम पाठकलाई जिम्मा दिएका छौ ।

तर हामीले आन्तारिक रूपमा गरेका प्रगति भने उल्लेख गर्न छुटाउन चाहदैनौ किनकी तपाईहरूकै सहयोग र हौसलाले यो अवस्था सम्म आईपुगेका छौ । २०६४ सालमा स्थापा भएको जन आकाश पत्रिका स्थापना गर्दा हामीले पोली प्लेटमा छाप्ने गर्दथ्यौ डेस्टप अरूकोमा लैजान पर्ने अवस्था थियो । यसको विस्तार गर्न तपाई पाठकहरूले, विज्ञापन दाताहरूले दिनुभएको थोरै थोरै पैशाले समय अनुसार स्रोतहरूको पुर्तिसँगै पत्रिकाको गुणस्तर र समय अनुसारको डिजिटलको माध्यमवाट हामीले अनलाईन सस्करण पनि सञ्चालन गरेर थप नेपालीको हितार्थमा काम गर्दै आएका छौ ।

पछिल्लो केही वर्ष अगाडीवाट युटुव च्यानल र भरखरै जन आकाश मिडिया प्रा लि पेजको माध्यमवाट दिनभरीको खबर प्रशारण गर्न सफल छौ । आज हामीसँग आफ्नै कार्यालय, दक्ष जनशक्ति पनि छ । तर नेपालको मिडियामा प्राप्त हुने स्रोत साधन अभै केही प्राविधिक स्रोत साधन जुटाउनुपर्ने आश्यकता छ । त्यसको लागि विगतदेखि हालसम्म सहयोग गर्दै आउनु भएका विज्ञापनदाता, ग्राहक बर्ग सुभेच्छुक, थपिन चहाने सहयोगीहरू सवैले सहयोगलाई निरन्तर जारी राखिदिन अनुरोध गर्दछौ । तपाईहरूको थोरथोरै सहयोगले हामी नेपाली समाजलाई शिक्षित, जागरूक र मन्यादित जवाफदेही समाज बनाउन भूमिका निर्वाह गर्नेछौ ।

यस वर्षवाट १०० जना आजिवन सदस्य थप्ने र अर्कोवर्षसम्म बृहत्त जनआकाश मिडियाको विकास गर्ने लक्ष्य राखेका छौ ।

यो अवस्था सम्म ल्याईपुन्याउन भूमिका निर्वाह गर्नुहुने सवैलाई जन आकाश १८ बर्ष पुगि १९ औं वर्ष पुगेका उपलक्ष्यमा सवैप्रति धन्यवाद व्याक्त गर्दछौ ।

# विकासको खोजीमा सार्वजनिक ऋण : नेपालका लागि अवसर कि आवश्यकता ?



■ राज कुमार झा

**सार्वजनिक ऋणको दिगोपन सुनिश्चित गर्न केही नीतिगत सुधार आवश्यक छन् । पहिलो, आयोजना छनोटमा प्रतिफल विश्लेषणलाई प्राथमिकता दिनुपर्छ । दोस्रो, पूजीगत खर्चको कार्यान्वयन क्षमता सुधार गर्नुपर्छ । तेस्रो, राजस्व पूर्वानुमानलाई यथार्थपरक बनाउनु आवश्यक छ । चौथो, सार्वजनिक संस्थानहरूको वित्तीय अवस्था सुधार गर्न संस्थागत सुधार आवश्यक छ । पाँचौं, ऋण व्यवस्थापनलाई मध्यम तथा दीर्घकालीन रणनीतिसाग जोड्नुपर्छ ।**

नेपालमा सार्वजनिक ऋणबारे बहस प्रायः ऋणको आकार, ऋण–GDP अनुपात तथा भविष्यमा सिर्जना हुन सक्ने वित्तीय दायित्वमा केन्द्रित हुने गरेको छ । सार्वजनिक ऋण बढ्दै जाँदा भविष्यका पुस्तामाथि बोझ बढ्छ भन्ने तर्क पनि बारम्बार सुनिन्छ । तर विकासोन्मुख अर्थतन्त्रको यथार्थ फरक हुन्छ । सीमित राजस्व क्षमता, घट्दो वैदेशिक सहायता, उच्च पूर्वाधार आवश्यकता तथा तीव्र आर्थिक रूपान्तरणको आकांक्षाबीच सार्वजनिक ऋण विकास वित्तको अपरिहार्य स्रोत बन्न पुग्छ । नेपाल पनि यही अवस्थाबाट गुज्रिरहेको छ । त्यसैले सार्वजनिक ऋणलाई केवल जोखिमको दृष्टिले होइन, विकासको साधनका रूपमा पनि मूल्याङ्कन गर्न आवश्यक छ ।

आर्थिक वर्ष २०८३/८४ का लागि सरकारले रु. २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट प्रस्तुत गरेको छ । कुल बजेटमध्ये राजस्वबाट रु. १४ खर्ब ५ अर्ब ३१ करोड र वैदेशिक अनुदानबाट रु. ६१ अर्ब ७४ करोड प्राप्त हुने अनुमान गरिएको छ । उपलब्ध स्रोत र आवश्यक खर्चबीचको अन्तर पूर्ति गर्न सरकारले रु. २ खर्ब ४७ अर्ब २८ करोड वैदेशिक ऋण तथा रु. ४ खर्ब १० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । यसबाट स्पष्ट हुन्छ कि विकासका वर्तमान आवश्यकताहरू पूरा गर्न नेपालले ऋणको सहारा लिनैपर्ने अवस्था छ । अझ आन्तरिक ऋणतर्फ रु । २ खर्ब ४५ अर्ब ८९ करोड साँवा भुक्तानी गर्नुपर्ने भएकाले खुद रूपमा अर्थतन्त्रमा प्रवेश गर्ने नयाँ स्रोत करिब रु. १ खर्ब ६४ अर्ब ११ करोड मात्र रहनेछ ।

नेपालको विकास आवश्यकता विशाल छ । ऊर्जा, प्रसारण लाइन, सिंचाइ, कृषि आधुनिकीकरण, शहरी पूर्वाधार, डिजिटल पूर्वाधार, शिक्षा र स्वास्थ्य क्षेत्रमा ठूलो लगानी आवश्यक छ । केवल राजस्वबाट यस्ता आवश्यकता पूरा गर्न सम्भव छैन । वैदेशिक अनुदानको हिस्सा निरन्तर घट्दै गएको सन्दर्भमा सार्वजनिक ऋण विकास वित्तको प्रमुख स्रोतका रूपमा स्थापित हुँदै गएको छ ।

पछिल्ला वर्षहरूमा आधुनिक मौद्रिक सिद्धान्त (MMT) ले सार्वजनिक ऋणसम्बन्धी बहसलाई नयाँ आयाम दिएको छ । यस सिद्धान्तका समर्थकहरूका अनुसार अर्थतन्त्रमा बेरोजगार श्रमशक्ति, निष्क्रिय पूँजी तथा प्रयोग हुन नसकेका स्रोतहरू उपलब्ध छन् भने सरकारले सार्वजनिक खर्च विस्तार गरेर उत्पादन र रोजगारी बढाउन सक्छ । उनीहरूका अनुसार सार्वजनिक ऋण आफैंमा समस्या होइनस समस्या तब हुन्छ जब अतिरिक्त मागले उत्पादन क्षमताभन्दा बढी दबाब सिर्जना गर्छ ।

नेपालको सन्दर्भमा मुद्रास्फीति र सार्वजनिक ऋणबीचको सम्बन्ध विशेष महत्वको विषय हो । परम्परागत आर्थिक सिद्धान्तले सरकारी खर्च विस्तारसँगै मुद्रास्फीति बढ्ने तर्क गर्छ । तर नेपाल-भारतबीचको खुला सीमा, स्थिर विनिमय दर व्यवस्था, उच्च व्यापारिक निर्भरता तथा आयातमुखी उपभोग संरचनाले नेपालको मुद्रास्फीतिलाई भारतीय मुद्रास्फीतिसँग गहिरो रूपमा जोडेको छ । अर्थशास्त्री वीरेन्द्र बुढासहित विभिन्न अनुसन्धानहरूले नेपालको मुद्रास्फीति दीर्घकालमा भारतीय मुद्रास्फीतिसँग अभिसरित हुने देखाएका छन् । यस अर्थमा उत्पादनशील क्षेत्रमा परिचालित सार्वजनिक ऋणले सिर्जना गर्ने अतिरिक्त मागले नेपालमा तुरुन्तै उच्च मुद्रास्फीति निम्त्याउने सम्भावना सीमित देखिन्छ ।

तर यसको अर्थ असीमित ऋण विस्तारको औचित्य होइन । सार्वजनिक खर्चको गुणस्तर अत्यन्त महत्वपूर्ण हुन्छ । यदि ऋणबाट निर्माण भएका परियोजनाहरूले उत्पादन क्षमता विस्तार गरेनन् भने अतिरिक्त मागले आयात वृद्धि, व्यापार घाटा तथा बाह्य क्षेत्रीय दबाब सिर्जना गर्न सक्छ । उदाहरणका लागि, पर्याप्त आर्थिक गतिविधि सिर्जना नगर्ने पूर्वाधारमा लगानी गरियो भने त्यसले अपेक्षित प्रतिफल दिन सक्दैन । त्यसैले ऋणको उपयोग उत्पादक क्षेत्रमा केन्द्रित हुनुपर्छ ।

नेपालको सार्वजनिक ऋणलाई क्षेत्रीय सन्दर्भमा हेर्दा पनि अवस्था चिन्ताजनक देखिँदैन । दक्षिण एशियाका धेरै मुलुकहरूको तुलनामा नेपालको ऋण–GDP अनुपात अझै मध्यम स्तरमा छ । यद्यपि श्रीलंकाको ऋण संकटले एउटा स्पष्ट पाठ दिएको छ–ऋणको मात्रा मात्र होइन, ऋणको उपयोग, विदेशी मुद्रा आम्दानी क्षमता तथा समग्र आर्थिक व्यवस्थापन महत्वपूर्ण हुन्छ ।

अर्थ मन्त्रालयद्वारा प्रकाशित Fiscal Risk Statement and Strategies २०२५ ले नेपालको राजकोषीय जोखिमलाई व्यवस्थित रूपमा विश्लेषण गरेको छ । प्रतिवेदनअनुसार आर्थिक वृद्धिको अस्थिरता, राजस्व अनुमानमा हुने त्रुटि, प्राकृतिक विपद्, सार्वजनिक संस्थानका सम्भावित दायित्व तथा सार्वजनिक-निजी साझेदारी (PPP) सम्बन्धी जोखिम प्रमुख छन् । विशेषगरी राजस्व अनुमान र वास्तविक संकलनबीचको अन्तरलाई उच्च प्रभाव र सम्भावित जोखिमका रूपमा चित्रण गरिएको छ । विगतमा राजस्व लक्ष्य पूरा नहुँदा पूँजीगत खर्च कटौती गर्नुपर्ने अवस्था सिर्जना भएको थियो । नेपाल प्राकृतिक विपद्को उच्च जोखिम भएको मुलुक पनि हो । बाढी, पहिरो तथा भूकम्पले सार्वजनिक वित्तमा ठूलो दबाब सिर्जना गर्न सक्छन् । २०७२ सालको भूकम्पले GDP को उल्लेखनीय हिस्साबराबरको क्षति पुऱ्याएको अनुभव अझै ताजा छ । त्यसैले सार्वजनिक ऋणको दिगोपन मूल्याङ्कन गर्दा प्राकृतिक विपद्बाट उत्पन्न हुन सक्ने आकस्मिक दायित्वलाई पनि ध्यान दिनुपर्छ ।

सार्वजनिक संस्थानहरू अर्को महत्वपूर्ण पक्ष हुन् । केही सार्वजनिक संस्थान नाफामा रहे पनि केही संस्थान अझै वित्तीय रूपमा कमजोर छन् । विशेषगरी राष्ट्रिय ध्वजावाहक संस्था लगायत केही संस्थानसँग सम्बन्धित सम्भावित दायित्वहरूलाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ ।

यद्यपि Fiscal Risk Statement २०२५ तथा अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) का विश्लेषणहरूले नेपालको ऋण संकटको जोखिम हाल न्यून रहेको देखाएका छन् । मध्यम अवधिमा सार्वजनिक ऋण न्मए को करिब ५० प्रतिशत हाराहारीमा स्थिर रहने अपेक्षा गरिएको छ । यसले नेपालसँग विवेकपूर्ण रूपमा थप ऋण परिचालन गर्ने केही वित्तीय क्षमता अझै रहेको संकेत गर्दछ ।

नेपालको बैंकिङ प्रणालीमा पछिल्ला वर्षहरूमा पर्याप्त तरलता देखिएको छ । निजी क्षेत्रको कर्जा माग अपेक्षाकृत कमजोर रहेको अवस्थामा आन्तरिक ऋण परिचालनले निष्क्रिय बचतलाई विकासमुखी लगानीमा रूपान्तरण गर्न मद्दत गर्न सक्छ । यदि यस्ता स्रोतहरू जलविद्युत्, प्रसारण लाइन, सिंचाइ, कृषि मूल्य शृङ्खला, पर्यटन तथा औद्योगिक पूर्वाधारमा केन्द्रित गरिए भने भविष्यमा उत्पादन, रोजगारी र राजस्वमा सकारात्मक प्रभाव देखिन सक्छ ।

सार्वजनिक ऋणको दिगोपन सुनिश्चित गर्न केही नीतिगत सुधार आवश्यक छन् । पहिलो, आयोजना छनोटमा प्रतिफल विश्लेषणलाई प्राथमिकता दिनुपर्छ । दोस्रो, पूँजीगत खर्चको कार्यान्वयन क्षमता सुधार गर्नुपर्छ । तेस्रो, राजस्व पूर्वानुमानलाई यथार्थपरक बनाउनु आवश्यक छ । चौथो, सार्वजनिक संस्थानहरूको वित्तीय अवस्था सुधार गर्न संस्थागत सुधार आवश्यक छ । पाँचौं, ऋण व्यवस्थापनलाई मध्यम तथा दीर्घकालीन रणनीतिसँग जोड्नुपर्छ ।

अन्ततः सार्वजनिक ऋणलाई अवसर वा जोखिम कुन रूपमा लिने भन्ने कुरा त्यसको परिमाणले होइन, त्यसको उपयोगले निर्धारण गर्दछ । स्रोत अभाव, घट्दो वैदेशिक सहायता र बढ्दो विकास आवश्यकताका बीच नेपालका लागि सार्वजनिक ऋण विलासिता होइन, आवश्यकता हो । तर त्यो आवश्यकता विकासको आधार बन्ने कि भविष्यको बोझ बन्ने भन्ने कुरा ऋणलाई उत्पादनशील सम्पत्तिमा रूपान्तरण गर्न सक्ने क्षमतामा निर्भर रहनेछ । आर्थिक बहस अब 'कति ऋण लिने ?' भन्दा 'लिएको ऋणबाट कति उत्पादन, कति रोजगारी र कति समृद्धि सिर्जना गर्ने ?' भन्ने प्रश्नमा केन्द्रित हुनुपर्छ । यही प्रश्नको उत्तरले नेपालको सार्वजनिक ऋणलाई विकासको अवसरमा रूपान्तरण गर्नेछ ।

**लेखक जल तथा ऊर्जा आयोगको सचिवालयमा कार्यरत छन् ।**

# रास्वपा निर्विकल्प शक्ति बन्नुपर्छ, युवाले परिणाम नदिए भाष्य बिग्रन्छ : रवि लामिछाने



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेले आफ्नो पार्टी केवल 'वैकल्पिक' मात्र नभई देशको 'निर्विकल्प' शक्ति बन्नुपर्ने बताएका छन् । साथै, उनले अहिले युवा नेतृत्वले परिणाम दिएर काम गर्न नसके भविष्यमा 'युवाले पनि केही गर्न नसक्ने रहेछन्' भन्ने गलत भाष्य स्थापित हुने चेतावनी दिएका छन् ।

काठमाडौँमा आयोजित कार्यक्रमहरूमा बोल्दै सभापति लामिछानेले पार्टीको साङ्गठनिक सुदृढीकरण र युवा नेतृत्वको जिम्मेवारीका विषयमा आफ्ना विचार स्पष्ट पारेका हुन् ।

सभापति लामिछानेले समाजमा हतारमा र तत्कालै नतिजा खोज्ने प्रवृत्ति बढ्दै गएको र यसले राजनीतिक अस्थिरता निम्त्याउने औँल्याए । रास्वपाको वर्तमान आकार र जनसमर्थन यसको साङ्गठनिक जगभन्दा ठूलो रहेको स्वीकार गर्दै उनले अब पार्टीको संरचनालाई अझ सुदृढ, व्यवस्थित र सुरक्षित बनाउनुपर्नेमा जोड दिए । रास्वपालाई दीर्घकालीन रूपमा देशको निर्विकल्प राजनीतिक शक्तिका रूपमा स्थापित गर्न जग बलियो बनाउनु आवश्यक रहेको उनको भनाइ थियो ।

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै लामिछानेले हाल सरकार, संसद् र पार्टीहरूमा युवाहरूको उपस्थिति र नेतृत्व रहेको उल्लेख गरे । उनले यो अवसरलाई चुनौती र जिम्मेवारीका रूपमा लिनुपर्ने बताए ।

"अहिले यो अवसर गुमे भोलिका दिनमा युवाहरूले पुनः अवसर प्राप्त गर्न कठिन हुन सक्छ," लामिछानेले भने, "युवा नेतृत्वमा रहेको टोलीले परिणाम दिन नसके 'युवा आएर पनि केही नहुने रहेछ' भन्ने निराशाजनक भाष्य बन्न सक्छ ।"

उनले रास्वपाका मन्त्री तथा सांसदहरूलाई पदमा मात्र रमाउने समय नभएको स्मरण गराउँदै जनताले महसुस गर्ने गरी नतिजामुखी र परिणाममुखी काम गरेर देखाउन कडा निर्देशन दिएका छन् ।

## रामेछाप डायरी

# नागरिकसँग नेपाली सेना



रामेछाप- रामेछापमा नेपाली सेनाले बाढी, पहिरो, आगलागीलगायतका विपद्बाट हुन सक्ने जोखिम न्यूनीकरण तथा विपद् प्रतिकार्यसम्बन्धी जनचेतना अभिवृद्धिका लागि एकदिने तालिम तथा नमुना प्रदर्शन गरेको छ ।

रामेछापको रामेछाप नगरपालिका-८ स्थित माथिल्लो बजारमा नेपाली सेना श्री खड्गदल गण रामेछाप ब्यारेकको आयोजना तथा रामेछाप नगरपालिका-८ को समन्वय र सहकार्यमा 'नागरिकसँग नेपाली सेना' भन्ने मूल नाराका साथ तालिम सञ्चालन गरिएको हो ।

खड्गदल गणका सहसेनानी चन्द्रबहादुर बुढाको कमाण्डमा खटिएको १४ जनाको टोलीले बाढी, पहिरो, आगलागीलगायत विभिन्न विपद्का समयमा अपनाउनुपर्ने प्रतिकार्यका नमुना प्रस्तुत गरेको थियो । टोलीले विपद्का समयमा स्थानीयस्तरमा उपलब्ध सामग्रीको प्रयोग गर्ने तरिका, उद्धार तथा प्रतिकार्यका आधारभूत विधि र आवश्यक सावधानीका विषयमा स्थानीयवासीलाई जानकारी गराएको थियो ।

तालिमका क्रममा विपद्का बेला तत्काल अपनाउनुपर्ने उपाय तथा उपलब्ध स्थानीय स्रोतसाधनको प्रयोगबाट गर्न सकिने प्राथमिक प्रतिकार्यका विधिहरूसमेत प्रयोगात्मक रूपमा सिकाइएको थियो । नेपाली सेनाले चालु आर्थिक वर्षमा जिल्लाका करिब १५ हजार स्थानीयवासीलाई प्रत्येक महिनाको १५ गते यस्ता विपद् प्रतिकार्यसम्बन्धी तालिम तथा सचेतना प्रदान गर्ने लक्ष्य राखेको जनाएको छ ।

माथिल्लो बजारमा आयोजित पहिलो चरणको कार्यक्रममा करिब ६० देखि ७० जना स्थानीयवासीको सहभागिता रहेको थियो । स्थानीयस्तरमै विपद्को समयमा प्रारम्भिक प्रतिकार्य गर्न सक्ने क्षमता विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको तालिम प्रभावकारी भएको सहभागीहरूले बताएका छन् ।

विपद्का घटना बढ्दै गइरहेको अवस्थामा समुदायस्तरमै विपद् प्रतिकार्यसम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्न यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताइएको छ ।

# कृषिमन्त्री र कृषि सचिवको अनिवार्य उपस्थिति हुनु पर्छ : सांसद खनाल



काठमाडौं- संसदीय समितिमा हुने जैविक तथा प्राङ्गारिक मलसम्बन्धी छलफलमा कृषिमन्त्री र कृषि सचिवको अनिवार्य उपस्थिति हुनुपर्ने राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद केपी खनालले माग गरेका छन् ।

बिहीवार बसेको कृषि तथा प्राकृतिक स्रोत समितिको बैठकमा उनले संसदीय समितिप्रति मन्त्री र सचिव जिम्मेवार हुनुपर्ने बताएका हुन् ।

समितिमा सम्बन्धित मन्त्रालयका मन्त्री तथा सचिवको उपस्थितिलाई प्राथमिकता नदिएमा समितिको प्रभावकारितामाथि नै प्रश्न उठ्ने उनको भनाइ छ । कृषि क्षेत्रसँग प्रत्यक्ष जोडिएको मलसम्बन्धी विषयमा मन्त्रालयका जिम्मेवार अधिकारीलाई शुरुदेखि नै छलफलमा सहभागी नगराउँदा पुरानो र नयाँ अभ्यासबीच कुनै फरक नहुने बताए ।

'हामी यति हलुका तरिकाले हामी गयौं भने कृषिप्रदान देश भनेको छ, गाउँमा जाँदाखेरि मल पाइएको छैन भनेर हामीले गाली खानुपरेको छ, अनि त्योसँग सम्बन्धित बिषय बहस भइरहेको छ, मलको बारेमा बहस, छलफल भइरहेको छ, यो छलफलमा सुरुवाति चरणबाट नै हामीले सम्बन्धित मन्त्रालयको सम्बन्धित व्यक्तिलाई राख्न सकेनौ भने उही पुरानो र नयाँमा केहि फरक हुँदैन,' उनले भने, 'त्यसैले यो कुरामा चै आगामी दिनमा यसलाई हेलचेर्क्याईंको रुपमा लिनु भएन । यो समिति यदि बलियो समिति बनाउने हो भने मन्त्रिज्युको सचिवज्युको उपस्थिति व्यापक रुपमा हुनुपर्छ । सम्बन्धित सचिब र मन्त्रिज्यु भएन भने हाम्रो छलफल चै निष्कर्षमा पुग्दैन । यो समितिलाई हलुकै रुपमा लिने आउने अब भत्ता लिने मात्रै हो भने त म भन्नु केही छैन ।'

खनालले आगामी बैठकमा मन्त्री र सचिवलाई बोलाउनुपर्ने माग दोहोऱ्याउँदै समितिको बैठकलाई औपचारिकतामा मात्रै सीमित नगर्न समिति सभापतिसँग आग्रह गरे ।

समितिलाई प्रभावकारी र बलियो बनाउने हो भने सम्बन्धित मन्त्री तथा सचिवको नियमित र व्यापक उपस्थिति आवश्यक रहेको उनको भनाइ छ । खनालले नेपाललाई कृषि प्रधान देश भनिएपनि किसानले मल नपाएको गुनासो निरन्तर गर्नपर्ने अवस्था रहेको उल्लेख गरे ।

# काठमाडौं उपत्यकाका पाँच स्थानबाट एलपी ग्याँस वितरण



काठमाडौं । खाना पकाउने एलपी ग्यासको अभाव भएपछि काठमाडौं उपत्यकाका पाँच स्थानबाट ग्यास बिक्री वितरण सुरु गरिएको छ । ग्यास वितरण सुरु हुनुअघि नै बिहानैदेखि सर्वसाधारण सिलिन्डर बोकेर तोकिएका बिक्री केन्द्रमा लामो लाइनमा बसेका छन् ।

नेपाल आयल निगमले जिल्ला प्रशासन कार्यालय काठमाडौंसँगको समन्वयमा विभिन्न ग्यास उद्योगमार्फत उपभोक्तालाई ग्यास बिक्री गर्न लागेको हो । ग्यास खरिद गर्न आउने उपभोक्ताले अनिवार्य रूपमा परिचयपत्र साथमा ल्याउनुपर्ने निगमले जनाएको छ ।

निगमले ग्यास अत्यावश्यक भएका उपभोक्तालाई मात्र तोकिएको स्थान र समयमा उपस्थित भएर ग्यास खरिद गर्न अनुरोध गरेको छ ।

उपत्यकामा टेकुस्थित नेपाल आयल निगम परिसर, चावहिलस्थित यातायात कार्यालय परिसर, कीर्तिपुरस्थित राधास्वामी परिसर, बसुन्धरास्थित राधास्वामी परिसर र बबरमहलस्थित पुरानो जिल्ला प्रशासन कार्यालय परिसरबाट ग्यास वितरण भइरहेको छ ।

निगमका अनुसार विभिन्न बिक्री केन्द्रमा फरक-फरक ब्रान्डका एलपी ग्यास उपलब्ध गराइनेछ । ग्यास अभावका कारण उपभोक्ताले समस्या भोगिरहेका बेला निगमले आपूर्ति सहज बनाउन विभिन्न स्थानबाट बिक्री वितरण सुरु गरेको हो ।


'उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट व्यवस्थापन, प्रविधि मैत्री पठनपाठन हाम्रो जिम्मेवारी'
NAMASKAR
NAMASKAR INSTITUTE CONSULTANCY PVT. LTD.
Institute of Khirendra Raj Moktan
कोरियन भाषाको उत्कृष्ट इन्स्टीच्युट
कीर्तिपुर, पाँगा दोबाटो ( नेपाल राष्ट्र बैंकको माथिल्लो तल्ला )
9761611166,9829002300
linknamaskarinstitute@gmail.com
https//www.facebook.com/Namaskar-Institute-115182751483061
१७ वर्ष अध्यापन अनुभव भएका र २४ वटा कोरियन भाषा पुस्तकका लेखकद्वारा अध्यापन गराइने।



हार्दिक शुभकामना
जनआकाश साप्ताहिकले आफ्नो प्रकाशन यात्राको १८ वर्ष सफलतापूर्वक पूरा गरी १९औँ वर्षमा प्रवेश गरेको यस सुखद एवं गौरवपूर्ण अवसरमा पत्रिकाका प्रकाशक, सम्पादक, पत्रकार, कर्मचारी, शुभेच्छुक तथा सम्पूर्ण परिवारमा **हार्दिक बधाई तथा शुभकामना** व्यक्त गर्दछु।
सत्य, तथ्य र निष्पक्ष पत्रकारिताको माध्यमबाट समाजमा सूचना, सचेतना र सकारात्मक परिवर्तनका लागि पुऱ्याउँदै आएको योगदान अझ प्रभावकारी बन्दै जाओस्। आगामी दिनमा पनि जनआकाश साप्ताहिकले जनताको आवाजलाई प्राथमिकतामा राख्दै निर्भीक, विश्वसनीय र जिम्मेवार पत्रकारिताको यात्रालाई निरन्तरता दिने विश्वास लिएको छु।
१९औँ वर्ष प्रवेशको अवसरमा उत्तरोत्तर प्रगति, निरन्तर सफलता र उज्ज्वल भविष्यको
**हार्दिक शुभकामना।**
गिरिराज पोखरेल
अध्यक्ष
नेपाल व्यापार संघ परिवार
न्यूरोड, काठमाडैं



हार्दिक शुभकामना
जनआकाश साप्ताहिकले आफ्नो प्रकाशन यात्राको १८ वर्ष सफलतापूर्वक पूरा गरी १९औँ वर्षमा प्रवेश गरेको यस सुखद एवं गौरवपूर्ण अवसरमा पत्रिकाका प्रकाशक, सम्पादक, पत्रकार, कर्मचारी, शुभेच्छुक तथा सम्पूर्ण परिवारमा **हार्दिक बधाई तथा शुभकामना** व्यक्त गर्दछु।
सत्य, तथ्य र निष्पक्ष पत्रकारिताको माध्यमबाट समाजमा सूचना, सचेतना र सकारात्मक परिवर्तनका लागि पुऱ्याउँदै आएको योगदान अझ प्रभावकारी बन्दै जाओस्। आगामी दिनमा पनि जनआकाश साप्ताहिकले जनताको आवाजलाई प्राथमिकतामा राख्दै निर्भीक, विश्वसनीय र जिम्मेवार पत्रकारिताको यात्रालाई निरन्तरता दिने विश्वास लिएको छु।
१९औँ वर्ष प्रवेशको अवसरमा उत्तरोत्तर प्रगति, निरन्तर सफलता र उज्ज्वल भविष्यको **हार्दिक शुभकामना**।
राजेन्द्र विक्रम बाँनिया
अध्यक्ष
नेपाल ट्रक यातायात व्यवसायी महासंघ
सानेपा ललितपुर

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ४,
२०८३ साल साउन ३१ गते आइतबार
16 AUGUST 2026, TUESDAY

# राष्ट्र निर्माणमा श्रम र श्रमदानको महत्व



बैकुण्ठ दाहाल

राष्ट्रको समृद्धि केवल प्राकृतिक स्रोत, सरकारी योजना वा ठूलो लगानीले मात्र सम्भव हुँदैन। कुनै पनि राष्ट्रको वास्तविक शक्ति त्यहाँका मेहनती, अनुशासित र जिम्मेवार नागरिकमा निहित हुन्छ। नागरिकले श्रमलाई सम्मान गर्ने, उत्पादनमा जोड दिने र समाजका लागि निस्वार्थ रूपमा श्रमदान गर्ने संस्कार विकास गर्न सके मात्र दिगो विकास सम्भव हुन्छ। त्यसैले राष्ट्र निर्माणमा श्रम र श्रमदानको महत्व अत्यन्त ठूलो छ।

श्रम भनेको कुनै काम गरेर उत्पादन, सेवा वा आम्दानी सिर्जना गर्ने प्रक्रिया हो। श्रमले व्यक्तिलाई आत्मनिर्भर बनाउँछ, परिवारलाई सुखी बनाउँछ र राष्ट्रको अर्थतन्त्रलाई बलियो बनाउँछ। किसानको खेतमा पसिना, मजदुरको मेहनत, शिक्षकको ज्ञान, चिकित्सकको सेवा, उद्यमीको सिर्जनशीलता र कर्मचारीको इमानदार कार्यसम्पादन–यी सबै श्रमका स्वरूप हुन्। जब समाजमा श्रमको सम्मान हुन्छ, तब उत्पादन बढ्छ, रोजगारी सिर्जना हुन्छ र देश आत्मनिर्भर बन्ने दिशामा अघि बढ्छ।

त्यसैगरी, कुनै आर्थिक लाभको अपेक्षा नगरी समाज, समुदाय वा राष्ट्रको हितका लागि गरिने निस्वार्थ श्रमलाई श्रमदान भनिन्छ। गाउँको बाटो निर्माण, विद्यालय र सार्वजनिक स्थलको सरसफाइ, वृक्षारोपण, खानेपानीका मुहान संरक्षण, विपद्को समयमा उद्धार तथा पुनःनिर्माण जस्ता कार्य श्रमदानका उत्कृष्ट उदाहरण हुन्। श्रमदानले खर्च मात्र बचाउँदैन, समाजमा एकता, सहयोग, अनुशासन र अपनत्वको भावना पनि बलियो बनाउँछ। नेपाल आज युवाशक्तिको पलायनजस्तो गम्भीर समस्यासँग जुधिरहेको छ। लाखौँ युवा रोजगारीको खोजीमा विदेशिएका छन्। उनीहरूले पठाएको विप्रेषणले केही समय अर्थतन्त्रलाई टेवा दिए पनि त्यसलाई स्थायी विकासको आधार बनाउन सकिँदैन। उत्पादन गर्ने हात विदेशिएपछि देशभित्र उद्योग, कृषि र उद्यम कमजोर बन्छन्। त्यसैले सरकारले युवालाई आफ्नै देशमा रोजगारी र उद्यमका अवसर सिर्जना गर्ने नीति अविलम्ब लागू गर्नुपर्छ। सीपमूलक शिक्षा, सहुलियतपूर्ण ऋण, कृषि तथा उद्योगमा लगानी र उत्पादनमुखी कार्यक्रममार्फत युवालाई देशमै भविष्य देखाउन सकियो भने राष्ट्रले नयाँ गति लिन सक्छ।

राष्ट्र निर्माणमा श्रम संस्कृतिको विकास अपरिहार्य छ। श्रमलाई सानो-ठूलो भनेर विभाजन गर्ने सोचको अन्त्य हुनुपर्छ। जुनसुकै इमानदार श्रम सम्मानयोग्य हुन्छ। श्रम गर्ने व्यक्तिलाई सम्मान गर्ने संस्कारले मात्र उत्पादनमुखी समाज निर्माण गर्न सक्छ। विद्यालय तहदेखि नै विद्यार्थीलाई श्रमको महत्व, व्यावहारिक सीप, उद्यमशीलता र सामाजिक सेवाको शिक्षा दिन आवश्यक छ। शिक्षालाई केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम नभई जीवनोपयोगी र उत्पादनसँग जोडिएको बनाउनुपर्छ।

श्रमदानलाई पनि राष्ट्रिय अभियानका रूपमा विकास गर्न आवश्यक छ। प्रत्येक नागरिकले वर्षमा केही दिन आफ्नो समुदायका लागि निस्वार्थ श्रमदान गर्ने संस्कार बसाल्न सके स्थानीय विकासमा ठूलो परिवर्तन आउन सक्छ। सफा गाउँ, हरियाली वातावरण, व्यवस्थित सार्वजनिक सम्पत्ति र बलियो सामाजिक एकता श्रमदानकै माध्यमबाट सम्भव हुन्छ। यसले नागरिकमा राष्ट्रप्रतिको अपनत्व र जिम्मेवारीको भावना पनि अभिवृद्धि गर्छ।

आज नेपाललाई उपभोगमुखी होइन, उत्पादनमुखी अर्थतन्त्रको आवश्यकता छ। यसको आधार भनेकै श्रम, सीप, अनुशासन र श्रमदानको संस्कार हो। सरकारले श्रमलाई सम्मान गर्ने नीति, उत्पादनलाई प्रोत्साहन गर्ने कार्यक्रम र युवालाई स्वदेशमै अवसर दिने वातावरण निर्माण गर्नुपर्छ। नागरिकले पनि राष्ट्र निर्माण सरकारको मात्र दायित्व होइन, आफ्नो साझा जिम्मेवारी हो भन्ने भावना विकास गर्न आवश्यक छ।

अन्ततः, समृद्ध नेपाल निर्माणको आधार श्रम, उत्पादन र सेवाभावमा आधारित समाज हो। जब श्रम गर्ने हातको सम्मान हुन्छ, श्रमदानलाई सामाजिक संस्कारका रूपमा स्वीकार गरिन्छ र युवाले आफ्नै देशमा भविष्य देख्न थाल्छन्, तब मात्र राष्ट्रले दिगो समृद्धिको बाटो समात्न सक्छ। त्यसैले राष्ट्र निर्माणको अभियानमा प्रत्येक नागरिकले श्रमलाई सम्मान गरौँ, श्रमदानलाई जीवन संस्कार बनाऔँ र आत्मनिर्भर नेपालको निर्माणमा आ-आफ्नो ठाउँबाट योगदान दिऔँ।

# कल्पना र यथार्थ



शारदा पराजुली

मानिसले आफ्नो कल्पना शक्तिलाई चारदिवार भित्र संसारको रङगीन भ्रमण गरिरहेको र आफुमा परम आनन्द लिइरहेको काल्पनिक भाव नै कल्पना हो।

कल्पना भन्ने शब्द क्रिया र शक्ति दुवैको सम्बन्धमा उत्तिकै प्रयोग गर्न सकिन्छ तर क्रिया होस् या शक्ति होस् कल्पना उत्तिकै जादुगर्नी छ यसको एक चुड्कीमा सहस्रजीवनका जीवहरूले अन्धकार भित्र अजङगका दरबारहरू निर्माण गरी झिलिमिलि पारेर देखाइदिन्छ यदि कल्पना मनद्रष्य जीवनमा नहुदो हो त अतित र भविष्य दुई अध्यारा पाटा बन्ने थिए, खाली दृश्य वर्तमानको सानो चोइटोमा संकुचित भएर मनुष्य कुइराको काग जस्तो हुने थियो। तर म मिर्मिरे प्राचिन समयको जीवनलाई चित्रमय बनाएर आफ्नो नजर समान गर्न उत्तिकै सशक्त छन्, जति अविदितको पर्दाले ढाकेको जीवनलाई चित्रण गर्ने सामर्थ्य म मा छ। कल्पना भनेको त्यो दिव्य शक्तिको मानव आभाष हो जसको जादुगरी विशाल सिर्जनाका भित्ता र चमत्कारमा दृष्यमान छ। परमेश्वरको मौलिक सिर्जनात्मक स्वप्नशक्तिको सानो झल्को जो मनुष्यमा भरिदिएको छ – कल्पना भनेको त्यहि हो। परमेश्वरले बनाउन र नवीनताको प्रदर्शन गर्नको शक्ति आफ्नो ठेक्का सम्झनु हुन्न। वास्तविक सत्यको कटु कानेखुसीमा छ म अमलेख बन्दछु, घण्टाघरको समय तौली शासनबाट म स्वतन्त्र रहन्छु र गोडामा जन्जीर लाग्ने कतर्व्यहरूका तानातानी बाट फुक्का रहन्छु, म माटो अन्नको दुनियामा रहन्न।

भाषा र मनको अन्तरः सम्बन्धको वैज्ञानिक अध्ययन गर्न विधा मनोविज्ञान हो। मन र मानिसका भावना, विचार, इच्छा आदिको नियन्त्रण र परिचालन गर्ने आन्तरिक इन्द्रिय हो। विचार आदिलाई नियन्त्रण र परिचालन गर्ने आन्तरिक इन्द्रिय हो। विचार आदिलाई नियन्त्रण र परिचालन गर्ने भएकाले कल्पना प्रकार्यात्मक अङ्ग हो। यसको भौतिक संरचना चाहिँ मस्तिष्क हो। यसले विचार इच्छा आदिको स्रोतका रूपमा रहेको ज्ञान मस्तिष्कमा हुन्छ। यही ज्ञानको अभिव्यक्ति भाषाको भाध्यामबाट हुने गर्दछ। यसर्थ भाषा र मनको नजिकको सम्बन्ध छ र यसको अध्ययन मनोविज्ञानले गर्दछ।

मनोविज्ञानका माध्यामबाट भाषा र मनको सम्बन्धको चर्चा गर्ने पहिलो व्यक्ति सिग्मन्ड फ्रायड हुन्। उनले प्रथमपटक औपचारीक रूपमा व्यक्तित्व विकासको सिद्धान्त प्रतिपादन गरी मानव स्वभाव र व्यक्तिलाई बुझ्न सहयोग गरे। यस वादको अनुमानमा मानव जाति आवेगमा हुइकिने प्राणी हो, यसले जुनसुकै अवस्थामा पनि आफ्ना अन्तरइच्छाहरूलाई स्थिर रूपले परिपूर्ति गर्न निर्देशित गरिरहन्छ।

मन र विज्ञान मिलेर बनेको शब्द हो मनोविज्ञान। कल्पना गर्ने कुरालाई वैज्ञानिक बनाउदा र साच्चै प्रगोगमा ल्याउदा मनलाई कल्पना संग दाजेर अध्ययन गर्नसकिन्छ। प्राय नेपाली फुर्सदिला हुन्छन्। अधिकांसको कल्पना क्षमता न्युन हुन्छ जसले गर्दा काल्पनिक शक्तिले पूर्णता पाउदैन। मानिसमा कल्पना गर्ने वस्तुमा वास्तविकता भन्दा पर रहेर भावुकता र आदर्शमा रहेको हुन्छ। कल्पनाको क्रिया अनुपस्थित वस्तुको यथार्थिक वा परिवर्तित रूप दर्शाउने हुन्छ त्यसलाई यस भाषामा मनो विज्ञान भन्न मिल्छ। वास्तवमा कल्पना आँखा जस्तो छेउमा त्यसले वस्तुका रङ्ग रूपको चित्रण ठिक त्यस्तै किसिम सँग गर्दछ यसलाई विज्ञान संग जोडेर अध्ययन गरिन्छ। मेरो आँखाले भएको कुरा मात्र देख्दछन् ति नजर सामुन्यका तर म काठमाडौं हुदा डिल्ली बजारको दृश्यमा मेरो बाहिरी आँखा बन्द हुन्छन्, डिल्ली बजारमा हुदा काठमाडौं तर्फका आँखा कुहिरा हुन्छन्। चेतन, अर्धचेतन र अचेतन मनलाई चर्म चच्छुका भित्री आँखाले हेर्दा जसलाई म कल्पना भन्दछु। कल्पना भन्ने शब्द क्रिया र भाव दुवैको सम्बन्धमा उत्तिकै प्रयोग गर्न सकिन्छ। तर क्रिया होस् वा शक्ति होस् कल्पना उत्तिकै जादुगर्नी छ। हामीलाई सत्य भनेको चीज कल्पना भन्दा झुटो लाग्छ र इन्द्रिय ग्राह्य वस्तु काल्पनिक भन्दा फोस्रो लाग्छ। दुरताको क्षणमा विजय गरेर विशाल भेद सागरको नियुक्त भएका प्रदेशहरू सँग नङ र मासुको नाता जोडिदिने संसारमा केहि छ भने मानव कल्पना नै हो। कल्पनाको फैलावट आँखा हुदै दृष्टिगोचर बन्दछ। यहि कल्पना मनुष्यमा नहुदो हो त अतित र भविष्य दुवै अध्यारा पाटा बन्ने थिए। खाली दृश्य र सानो चोएटामा संकुचित भएर कुहिरोको काग जस्तै हुने थियो। कल्पना भनेको त्यस दिव्य शक्तिको मानव आभास हो, जसको जादुगरी विशाल सृजनाका विभिन्नता र चमत्कारमा दृश्यमान छ। परमेश्वरले मनुष्यमा भरिदिएको सृजनात्मक स्वप्नील शक्ति नै कल्पना हो।

यहि प्रेमको तत्वले सृष्टीको स्वरूप खडा भयो। हामी त्यसबेला सृष्टीकर्ताको नजिक पुगेका जस्ता हुन्छौ जब हाम्रो अन्तर जगतमा त्यो आँखा खुल्ने छ जसले अनुपस्थिती अनियमतको रूप खडा गरेर रङ् भर्न सक्दछ। इश्वर सँग मानिसको निकटता कुनै चिज छ भने ति मानव कला र कल्पना नै हुन्। कल्पनाले साधारणलाई असाधारणको मोहनीलाई आभुषित गर्दछिन् क्षुदैलाई विशाल बनाईदिन्छिन् क्षणिकबाट अनन्तको झल्को निकाल्दछिन् र पत्थर जस्तो कर्कशतामा कहानी भरिदिन्छिन्।

वास्तविक सत्यको कानेखुसीबाट म अमलेख बन्दछु। प्रकृतिको शासन र गोडामा लाग्ने जन्जीरबाट म स्वतन्त्र रहन सक्छु। आखिर दुनियामा हेरेर ल्याउदा अरू उच्च चिज जस्तो आनन्द मिल्न सक्तैन जति कल्पनामा मिल्दछ। जहा तिमी आनन्दको अनुभुति गर्दछौ रचनाका व्याञ्जनहरूको सुन्दर दृश्य, फिल्मीको नाटकिए भाव, संगित कलाको त्यो विशाल पक्ष जसमा कोमल दुनियाको महसुस हुन्छ। कल्पना विना बाह्य विषय बोक्रे आनन्द बन्दछ। पखेटा कुञ्जिएका वैयाकरणी व्यक्तिलाई अम्बा खादा अम्बा हुन्छ ज्यादा बन्दैन।

त्यस्तै तबरले हामी मनको भावले भन्न सक्छौ कि जहाँ कल्पनाको जादुगरी छैन त्यहाँ आनन्दको सच्चा आत्मा रहेको हुदैन। म त्यहि भित्रि आँखालाई कल्पना भन्दछु। कल्पना विहिन मान्छेहरू जीवनका उच्च कक्षाका मोजहरूबाट हरहमेसा बन्चित छन्। गद्यगरौ मगजहरू जीवनका साधारण मौरी भुनभुनावटबाट खाली चुस्दछन् स्वाद लिन्छन् जान्दैनन् रङ्गीन चिजहरूको आस्वादन लिन। सूक्ष्म सुचनाको दिर्घकालिन कल्पना हुदैन हुन्छ त केटाकेटी पनको आनन्द मात्र। पौढ हिसाव गर्ने मगजले रोटी भन्दा रसिलो कुरा अरू देख्दैन। उनीहरू कल्पनाको प्रसस्ततामा देखाउनलाई इन्द्रेणीको रङगमा दौलत देख्तछन्। पहाडको पल्लो पटिको पत्थरमा ढुङगा देख्तछन्। दृश्यहरूको सूक्ष्म सन्देश र प्रकृतिका साना सौन्दर्य शब्दहरू उनका पकडमा आउदैनन्। फक्रिने गल्तीनेर छामिने कुरामा व्यस्त हुन्छन्। आँखा देख्नु शुन्य छ र जीवनमा त्यो जादु छैन जो कला र कल्पनाले साधारणको दैनिकी को मुलुक भित्र सृजना गर्दछ। कल्पना नै आन्नदको आत्मा हो।

यदि कल्पना छैन भने खाली चाकरीमा दौडन्छ अथवा वागमतीको किनार तिर। त्यो दौडन मेरो आँखामा कानो गोरूलाई पूर्णीमा जस्तो हुन्छ। आँखा देख्नु शुन्य छ, जीवनमा त्यो जादु छैन जो कला र कल्पनाले साधारणको दैनिकी मुलुक भित्र सृजित गर्दछ।

तरङ्गिन, लहडशुन्य, लटमुखा गद्दु पुरूष भन्दा गाँजा खाने थर्डक्लास भलादमीहरू धेरै मजाका हुन्छन्। तिनीहरूको सानो कोठा भित्र अलिखित साहित्य छ। उनीहरूको सानो कोठा भित्र अलिखित साहित्य छ। मगजमा उम्रने कल्पनाको सानो कल्पदुतमा फल्ने सानो सानो झिल्की झिल्की विलाउने बुटी छ जुन साहित्यलाई मिलाउन आवश्यक छ। हामीलाई भन्ने चिज सत्य भन्दा झुटो लाग्छ र इन्द्रिय ग्राह्य बस्तु कल्पना भन्दा फोस्रो लाग्छ। खदिलो भनेको त्यो नाम हो जो हातले पकर्न सकिदैन। तर हामी भन्न चाहनौ कि हर एक किसिमको कथ्यपनामा उपयुक्त भनाईहरू घटित हुने गर्दछ। हामी उच्च किसिमका कल्पनामा मात्र ध्यान दिइरहेका हुन्छौ। पागलका कल्पना र विकृत किसिमका भावहरू भिन्दै किसिमका हुन्छन्। सच्चा प्रतिभा कल्पनाको कृयामा देखिन्छ सच्चा कविका भावहरू मिलाउन पर्दैन। कल्पना नै आनन्दको आत्मा हो। भारत भनेको त्यो माटोको थुप्रो होइन त्यसको कल्पना वाल्मीकिको कविता, कालिदासको रचना, ऋषिमुनीहरूको कल्पना अन्वेषणमा सच्चा भारत झल्किन्छ। दुनियामा अरू कुनै चिजबाट प्राप्त गर्न नसकिने आनन्द कल्पनाबाट प्राप्त हुन्छ। विना कल्पनाको वाह्य विषय बोक्रे आनन्द बन्दछ मनका यी भावनाहरूलाई विज्ञान सगं जोडेर काल्पनीकतामा भाविल हुन पुग्छन्। हामी त्यसबेला मात्र अन्तर मनको यात्रा गर्न खडा हुने छौ जुन बेला हाम्रो अन्तर मनको आँखा खुल्ने छ। विना उपस्थिति अनियमित रूप खडा गरेर मनुष्यको दृश्य जगतमा कला, कल्पना भर्न सकिन्छ वास्तविक कटु सत्य भन्दा पर रहेर जब म स्वतन्त्र हुन्छु अनि म हावामा रहन्छु तब सूष्म प्रणीहरू मेरो प्रजा रहन्छन्। कल्पना नै आनन्दको आत्मा हो। प्रकृति देवीले सहानुभूति भावसंग मानिसको नजर अगाडि सुर्यदयको सुनौलो दृश्यलाईउद्घाटन गरेर विकिरणका रंगीन सितसुगन्धीत प्रभात जगाएर समयमा रोमाञ्चकारी प्रभाव पैदा गरी रहेछ यदि मेरो कल्पना छैन भने खाली चाकरीमा दौडन्छु त्यो बाग्मतीको किनारतिर किन नहोस्। त्यस मनुष्यले के आनन्द अनुभव गऱ्यो जसले आफुलाई फुल भन्दा बढ्ता केहि देखेन जसले गुलाबको फुल झै ढलिमलि खेल्दै चलेन उसले मात्र व्यापारको दृष्टिकोणले देख्छ। म कल्पना गर्द छु कि कुवेर भन्दा गरिब व्यक्ति दुनियामा कोहि देख्दैन यो मनले ल्याएको काल्पनिक मनोविज्ञान हो। तरङ्गहीन, लहडशुन्य, लटमुखा गग्दु पुरूषहरू भन्दा त गाँजा खाने थर्डक्लास भलादमीहरू धेरै मजाका हुन्छन् किनभने यी व्यक्तिहरूले साच्चो कुरालाई गाँजाको माध्यामबाट किन नहोस् वोकल्छन्। तिनीहरूको सानो कोठा भित्र एउटा अलिखित साहित्य छ हो यसलाई सत्य भनेको चिज कल्पना भन्दा झुटो लाग्छ र इन्द्रिय ग्राय वस्तु काल्पनिक भन्दा फोस्रो लाग्छ। हावामा उड्ने भन्दा खदिलो भनेको यसको नाम हो जो हातले पक्रन सकिदैन जसले कल्पना गरेर परिचित गराइरहेको हुन्छ। कल्पनाको गति इन्द्रेणीको भन्दा तिव्र हुन्छ। कल्पनाका चित्रहरू हाम्रो आँखा अगाडि बराबर झल्कन्छन् अनि खदिलो भएर विशाल चमत्कार हुन्छ जहाँ अणुमा विश्व र विश्वमा अणु छ।

मानसपटलमा आएका अनगिन्ती भावहरू कति त यसै खेर जान्छन् भने कतीलाई पुरागराउन मरिमेट्ने गर्दछौ। कल्पना गर्दा गर्दै पुरा गर्न बाकि रहेका कुराहरू यत्तिकै हावामा विलिन हुन पुग्छ। खुसी हुन्छौ कल्पना गरेका कुरा साच्चै यथार्थ भैदिएको भए। जीवन रसिलो र रमाइलो हुन धेरै सामग्रीहरूको जरूरत रहनेछ तर मगजमा उम्रिने कल्पनाको सानो कल्पद्रममा फाल्ने साना र साना झिल्काहरू मिलाउने माध्याम साहित्य र सृजनाको आवश्यक हुन्छ। भाव र विचारको काल्पनिक अभिव्यक्तिका हुन। मानिसले एकै ठाउँमा बसेर संसार नियाल्न सक्ने एकमात्र यन्त्र हो कल्पना। उसको मनमा दमित भावनाहरु पेखिएर छरपष्ट भएको सुन्दर बगैचा हो साहित्य। यहीँ पोखिएका भावहरुलाई संकलन गरेर विकेन्द्रिकरण गरी अर्थो पार्जन गराउने एउटा सुन्दर फल हो रचना।

साहित्यका माध्यामबाट पोखिएका काल्पनिक मनोभावनालाई संलेर संसारमा रम्दै गरेका विश्व जनहरुमा साहित्यले मनको भावना व्यक्त गर्ने एउटा फराकिलो मार्ग तयार गरेको छ। आधुनिकताले रुमालिरहेको समयमा भावनाहरु कुण्ठीत छन् यसलाई उपयोग गर्न साहित्य मञ्चलाई विशेष अनुरोध गर्दछु।

खेलकुद

# सन्दीपको कप्तानीमा वान डे



काठमाडौं- क्रिकेट एसोसियसन अफ नेपाल (क्यान) ले नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीको एकदिवसीय कप्तान परिवर्तन गरेको छ । क्यानले रोहितकुमार पौडेलको स्थानमा लेग स्पिनर सन्दीप लामिछानेलाई एकदिवसीय टोलीको कप्तान नियुक्त गरेको हो ।

क्यानको पछिल्लो निर्णयसँगै सन्दीप करिब चार वर्षपछि पुनः नेपाली राष्ट्रिय टोलीको कप्तानीमा फर्किएका छन् । उनी नेतृत्वमा फर्किएसँगै आगामी एसिसी पुरुष प्रिमियर कपमा नेपाली टोलीको नेतृत्व गर्नेछन् । मलेसियामा अगस्ट ३० देखि सेप्टेम्बर १२ सम्म हुने प्रतियोगिता एकदिवसीय फर्म्याटमा खेलाइनेछ र यो एसिया कप छनोटका रूपमा समेत महत्त्वपूर्ण रहेको छ । रोहितले सम्हालेको जिम्मेवारी सन्दीपलाई यसअघि नेपाली टोलीको कप्तानी गरिसकेका छन् । सन् २०२२ मा उनी निलम्बनमा परेपछि रोहित पौडेलले राष्ट्रिय टोलीको नेतृत्व सम्हालेका थिए । त्यसअघि रोहित सन्दीपकै नेतृत्वमा उपकप्तानको भूमिकामा थिए ।

रोहितले त्यसयता नेपाली क्रिकेट टोलीलाई लामो समय नेतृत्व गरे । पछिल्लो समय भने क्यानले सीमित ओभरका दुई फर्म्याटमा फरक-फरक कप्तानको नीति अघि बढाएको छ । यसअघि अप्रिलमा क्यानले रोहितलाई एकदिवसीय टोलीको कप्तान र दीपेन्द्रसिंह ऐरीलाई टी-२० टोलीको कप्तान बनाएको थियो ।

अब एकदिवसीय टोलीको नेतृत्व पनि सन्दीपलाई दिइएपछि नेपाली क्रिकेटमा कप्तानीको जिम्मेवारी पुनः परिवर्तन भएको छ । टी-२० अन्तर्राष्ट्रिय टोलीको नेतृत्व भने दीपेन्द्रसिंह ऐरीले नै गर्नेछन् । सन्दीपको कप्तानीमा पुनरागमन नेपाली क्रिकेटका लागि विशेष चासोको विषय बनेको छ ।

कानुनी विवादका कारण लामो समय मैदानबाहिर रहनुपरेपछि उनी राष्ट्रिय टोलीमा फर्किएका थिए । पछिल्लो समय उनी नेपाली टोलीका नियमित खेलाडीका रूपमा खेल्दै आएका छन् ।

सन् २०२६ को टी-२० विश्वकपका लागि घोषित नेपाली टोलीमा पनि सन्दीप समावेश थिए । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले उनलाई नेपालको प्रमुख स्पिन आक्रमणका रूपमा उल्लेख गरेको थियो ।

आङ्देम्बेको प्रश्न

# विदेशिन बाध्य युवालाई स्वदेश फर्काउने योजना कहाँ छ ?

*'अन्तर्राष्ट्रिय युवा दिवस' युवाहरूले नेपालमै आफ्नो भविष्य देख्न सक्ने नेपाल निर्माणको प्रतिबद्धता व्यक्त गर्ने दिन बनोस् ।*



काठमाडौं- नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले विदेशिन बाध्य युवालाई स्वदेश फर्काउने योजना कहाँ छ भन्दै प्रश्न गरेका छन् ।

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै आङदेम्बेले यस्तो प्रश्न गरेका हुन् । 'जेनजीले खोजेको रोजगारी कहाँ सिर्जना भयो ? उनीहरूले चाहेको सुशासन कहाँ छ ? विदेशिन बाध्य युवालाई स्वदेश फर्काउने योजना कहाँ छ ?' उनले प्रश्न गरेका छन् ।

चुनावअघि अमेरिका, क्यानडा र युरोपका विभिन्न ठाउँमा पुगेर सरकार बनेको १०० दिनमै 'स्टिकर टाँस्ने' तथा विदेशिएका नेपाली युवालाई स्वदेश फर्काउने घोषणा गरिएको स्मरण गराउँदै उनले सरकार गठन भएको साढे चार महिना बितिसक्दा पनि एक जना युवालाई स्वदेश फर्काउन नसक्नु गम्भीर प्रश्न भएको बताएका छन् ।

यसले युवामा पुनः निराशा बढ्न थालेको उनको भनाइ छ । त्यसका केही ज्वलन्त उदाहरणका रूपमा उनले देशमै स्वरोजगार भएका युवा उमेरका गणेश नेपालीदेखि विवेक मण्डलसम्मले गरेको आत्मदाहको घटनालाई उल्लेख गरेका छन् ।

आङदेम्बेले विदेशबाट फर्किएका युवाको ज्ञान, सीप, प्रविधि र पुँजीलाई स्वदेशमै परिचालन गर्न 'रिटर्नी युवा उद्यमशीलता' सम्बन्धी ठोस नीति आवश्यक रहेको बताएका छन् । तीनै तहका सरकारले युवाको सहभागिता, नेतृत्व र सिर्जनशीलतालाई विकासको केन्द्रमा राख्नुपर्ने उनको सुझाव छ । 'अन्तर्राष्ट्रिय युवा दिवस' युवाहरूले नेपालमै आफ्नो भविष्य देख्न सक्ने नेपाल निर्माणको प्रतिबद्धता व्यक्त गर्ने दिन बनोस्', उनले शुभकामना सन्देशमा भनेका छन् ।

युवालाई मतदान गर्ने जमातका रूपमा मात्रै नभई राष्ट्र निर्माणको नेतृत्व गर्ने शक्तिका रूपमा राज्यले स्वीकार गर्नुपर्ने बताएका छन् ।

युवाको अधिकार, सहभागिता, सशक्तीकरण र भविष्यका विषयमा गम्भीर बहस आवश्यक रहेको बताएका हुन् ।

उनले १६ देखि ४० वर्ष उमेर समूहका युवा जनसंख्या ४२.५६ प्रतिशत रहेको उल्लेख गर्दै यो नेपालको 'जनसांख्यिक लाभांश' का रूपमा रहेको बताएका छन् । तर, रोजगारी र अवसरको खोजीमा दैनिक करिब २ हजार युवा विदेशिन बाध्य हुनु विडम्बनापूर्ण रहेको उनको भनाइ छ ।

उनले शुभकामना सन्देशमा जेनजी आन्दोलन र उनीहरुका माग सम्बोधनको विषय पनि उल्लेख गरेका छन् । जेनजी विद्रोहले रोजगारी, सुशासन, जवाफदेहिता र देश निर्माणको जनादेश मागेको बताउँदै उनले त्यसपछि भएको निर्वाचनमा पनि युवासहितका मतदाताले परिवर्तनको चाहना मतमार्फत व्यक्त गरेको बताएका छन् ।

### सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहको राजीनामा

# नयाँ मुख्यमन्त्रीमा खगराज भट्टको दाबी







काठमाडौं- सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले पदबाट राजीनामा दिएका छन् भने नयाँ मुख्यमन्त्रीका लागि खगराज भट्टले दाबी पेस गरेका छन् । बजेटको विषयमा असहमति जनाउँदै सत्ता साझेदार दल नेकपा (एमाले) ले गत असार ३१ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री शाह अल्पमतमा परेका थिए । एमालेले समर्थन फिर्ता लिएको ३० औं दिनमा बिहीबार प्रदेश सभा बैठकलाई सम्बोधन गर्दै शाहले पदबाट राजीनामाको घोषणा गरेका थिए । त्यसलगत्तै उनले प्रदेश प्रमुख नजिर मियाँसमक्ष आफ्नो राजीनामा पत्र बुझाएका हुन् ।

नयाँ सरकार गठनको आह्वान र भट्टको दाबी


मुख्यमन्त्री शाहको राजीनामा स्वीकृत भएसँगै प्रदेश प्रमुख नजिर मियाँले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नयाँ सरकार गठनका लागि दलहरूलाई आह्वान गरेका थिए । केन्द्रीय तहमा नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच भएको सहमति अनुसार सुदूरपश्चिम प्रदेशमा नेकपाको नेतृत्वमा सरकार गठन गर्ने तयारी भएको छ । सोही सहमति बमोजिम नेकपाका संसदीय दलका नेता खगराज भट्टले नेकपा एमालेको समर्थनमा प्रदेश प्रमुख नजिर मियाँ समक्ष मुख्यमन्त्री पदका लागि औपचारिक दाबी पेस गरेका हुन् । दाबी पेस भएसँगै प्रदेश प्रमुख मियाँले भट्टलाई नवनियुक्त मुख्यमन्त्री नियुक्त गरी सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने र पद तथा गोपनीयताको शपथ गराउने तयारी अघि बढाएका छन्









जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- ४,
२०८३ साल साउन ३१ गते आइतबार
16 AUGUST 2026, TUESDAY

## शुभकामना



**तेज प्रकाश बाँनियाँ**
**पुर्व साहायक रथि नेपाली सेना**

जनताको घरघर सूचनाको हक
रोज रोज पुऱ्याउथ्यौ नमानेर धक
हिजोसम्म अठारमा आज उन्नाईस टेक्यौ
तिमीले यो दुनियामा धेरै कुरा देख्यौ ।१

रातोदिन घामपानी केही नभनेर
स्तरीय सेवा दियौ गाह्रो नमानेर
यो क्षेत्रमा मै हु भन्ने धेरै हस्ती आए
गरिखान नसकेर दुख मात्रै पाए । २

सत्य तथ्य समाचार रुचाउने सवै
झुट काम गर्नुहुन्न जीवनमा कवै
मोहनको मिहिनेत साह्रै राम्रो काम
यो कामले जीवनमा चुलिदै छ नाम । ३

गुणस्तर सेवा मात्र रैछ तिम्रो बानी
त्यस्ता व्याक्ति कहिल्यै पनि हुन्नन् वेईमानी
मुरी मुरी कामना छ आर्शिवाद साथ
फलोस फूलोस् यो पत्रिका माथि रहोस हात ।

सधै रहोस सेवाको भावना
जन आकाश छ शुभकामना ।

## गाग्री जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी

**छन्दः मन्द्राकान्त**



**ढकाल शिखरनाथ बेलकोटे**

माता लक्ष्मी खुदभुवनकी सृष्टि दाता मुहान ।
बन्दै सारा चहकपथमा ज्योति छर्दै विहान ।।
झुल्कीआभा झलमल सदा शैल सारा फिँजारी ।
गाग्री जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।। १

साध्वी ज्ञानी अतुलगुणको भावले चित्र भर्ने ।
विद्या खाली मनमगजमा सभ्यताले सपार्ने ।।
छोरी उम्दा कुलसदनकी पुज्यताकी पुजारी ।
गाग्री जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।। २

हुर्की सानी सयलसुखले ज्ञान विद्या जवानी ।
बढ्दै आए तनवदनमा शाधनाले वखानी ।।
दिन्छिन् तोडी छलकपट ती सभ्यतामा उतारी ।
गाग्री जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।। ३

नेपालीको शुभवचन का मातृभाषा सुधार्न ।
पढ्ने लेख्ने पठनगुणको भावनामा उतार्न ।।
लग्छिन् छोरी सबुझजनको योग्यताले सपारी ।
गाग्री जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।।४

शिक्षाप्रेमी घरजमगरी योग्यताको छहारी ।
बन्दै मार्गी असलसुतको सृष्टि आफैं उतारी ।।
छोरी जस्तै परगृह गए मान्य बन्दै बुहारी ।
गाग्री जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।। ५

गौरी लक्ष्मी खुदभगवती योग माया दिवानी ।
देवी माता शुभवर दिने ज्ञान दाता भवानी ।।
जस्तै बोल्ने गृहसमरमा सभ्य भाषा पुकारी ।
गाग्री जस्तै भुवनतलमा जन्मियुन श्रेष्ठ नारी ।।६

## कविता

# देशको खाचो, जनताको चासो



**रश्मि रिमाल**

देशले खोजेको सत्य के हो?
कसको आवाज सुन्ने सरकार?
बिहानै खेतमा पसिना चुहाउने हात
सहरमा काम खोज्दै
भौतारिने पाइलाहरू
के तिनीहरूको चासो
सुनेको छ कोहीले?

देशका कुना-कन्दरामा
बालबालिका अझै पनि भोका छन्
वृद्ध आमाबुबाका आँखा
ओभाएका छैनन्
शिक्षा अझै महँगो छ
स्वास्थ्य अझै बन्धक छ
के यही हो समृद्धिको सपना?

माटोले बोलाउँछ
आफ्ना सन्तानलाई
तर धेरै परदेशिन्छन्
फर्कंदैनन्
देशलाई सिँगार्ने हातहरू
अरूको सेवा गर्न बाध्य छन्
देशमा श्रम गर्नेहरूका
चुलो निभ्न लाग्दा
कतै कसैले सुन्छ कि सुन्दैन?

जनताको चासो भनेकै
सहज जीवन हो
पसिनाको सम्मान हो
आफ्नै माटोमा
रहन पाउने अधिकार हो
देशको खाचो भनेकै
सही नेतृत्व हो
अनि
विकासको साँचो योजनाहरू पनि!

हे, शासकहरू!
देशको आकाश हेरेर सोच
युवाहरूको जोस सम्झेर बोल
देशलाई सपनाको होइन
सत्यको बाटोमा लैजाऊ

देश हाम्रो पहिचान हो
हाम्रो माया
हाम्रो आत्मा
जनताको चासो बेवास्ता नगर्नू
नत्र इतिहासले तिमीहरूलाई धिकार्नेछ ।

## कविता

# छोरी छोरी



**चिन्तामणि शिवाकोटी**
**पुर्व डेपुटी गवर्नर, नेपाल राष्ट्र बैंक**

पश्चाताप छैन हजुर मलाई मेरो जीवन भरी
दुई हातका साहारा थी छन् त क्यारे दुईटी छोरी
सुवास छर्दै बगहरमा चमेली झै फूल्छन्
पहराका कापहरमा गुरांश झै फुल्छन्
शक्ति दिन्छन साहास दिन्छन उर्जा दिन्छन भरी
दुई आखाको नानी मेरा प्यात दुइटी छोरी
यिनै हाँसो यिनै खुसी यिनै हिरा मोति
चकमन्न अध्यारोमा छर्न सक्छन ज्योति
माया दिन्छन् प्यार दिन्छन् वैरभाव छोडी
दुई आखाँका नानी मेरा प्यारा दुइ छोरी
जीर्णताको आस्थालाई हालिदिन्छन् टेको
सद्भावको गीत लेख्छन् संगीत सम्मृद्धिको
वीरताको रथ हाक्न तान्न सक्छन् डोरी
कुन अर्थमा कम्तिछन् र छोरा भन्दा छोरी

## सुसेली

# कहानी



**चन्द्रा न्यौपाने**
**संरक्षक एवम् संस्थापक केन्द्रीय सल्लाहकार**
**राष्ट्रिय सुसेली फाउन्डेसन, नेपाल**

शुभबिहानी !
एक झल्को मुहार
खोल्छु कहानी ।

धैर्य धारण
साह्रै गाह्रो हे प्रभु !
हर चरण ।

पलपलमा
किन ह्रास हुँदै छ ?
आत्मबलमा ।

प्रतीक्षालय
हरपल सकस
भयका भय ।

निदाए झैं हो
बुझे पनि क्यै कुरा
नबुझे झैं भो ।

सोच्यो 'बन्छ कि ?'
भीखारीको जिन्दगी
कष्ट बन्धकी ।

निदरी छैन
सारा शान्ति हरायो
भएन चैन ।

राख्दै बन्धकी
अन्यौलको भुँमरी
बन्यो जिन्दगी ।

कति रेटिने ?
खुसी भन्दै आफ्नाको
कति मेटिने ?

मुस्कानी ओठ
अथाह छन् हजुर !
लुकेका चोट ।

# लोवी बुढाको कथा




**दामोदर ढकाल 'दीपक'**

बिहानै उठेर नित्य कर्म गरेर ऊ मन्दिरमा पुग्यौं । दर्शन गर्यो र फूल टीका लगायो । एक थुङ्गा फूल र अलिकति टीका पनि गोजीमा राख्यो । उसले मन्दिर जादा न कहिल्यै फूल लगेको छ , न टीका नै । उसलाई हेक्का पनि छैन, त्यो फूल र टीका कसैको पैसाले किनिएको हो । उसलाई हेक्का छ म धर्म गरिरहेको छु। बाटोमा कोही चिया खुवाउने भेट्यो भने, उसलाई फूल र टीका पनि दिने गर्छ। मान्छे सम्पन्न छ, सबैकुराले भरिपूर्ण छ , सन्तान पनि योग्य छन् तर बिडम्बना ऊ अयोग्य भएर नै जिइरहेको छ। उसको मानसपटलमा एउटै कुरा खेलिरहन्छ त्यो हो लोभ । उसको लोभिपनाको चर्चा सबैतिर चुलिएको छ ।

एकदिनको कुरा हो , एउटा भर्खरको केटाले उसलाई दारू पियाउने प्रस्ताव राख्यो। उसले एक मन सोच्यो दारू पिएर रोग लागेर मरे भने पेन्सन पनि मर्छ। श्रीमती नबितेकी भए उसले पाउँथी । झट्ट उसले श्रीमतीलाई गाली गरेको सम्झियो "खर्च धेर गरेर सकिदिने भइस भनेर । "अहिले बेकार गरेको झैं लागेको छ उसलाई। हुन त उसले मरेका बाउलाई आजसम्म गाली गर्न छाडेको छैन, दुख पाएकी दिदीलाई जग्गा अलिकति दिएको भनेर , उसले बाउँको सराद्धमा कपाल काटेको छैन। नियमित पुजेको गुरूबाट सराद्ध गराएको छैन, बाटोमा बस्ने पण्डितलाई पचास दिएर गराउँछ । कारण देउता दिने पितृ हर्ने हुन्छ भन्ने डरले। खै! किन हो केटाको कुरा मानेर ऊ दारू पिउन बस्यो। टन्न दारू पिएपछि रून थाल्यो । केटाले सोध्यो किन रूनु भको ? उसको जवाफ थियो, " दारू खाएर आयु घट्यो, पेन्सन पनि कम समयको आउँछ, अहिले घर जादा ट्याक्सीमा जानुपर्छ, ट्याक्सी भाडामा पनि खर्च हे भगवान ! घाटै घाटा।" उसको कुरा सुनेर ट्याक्सी बुक गरेर पैसा पनि तिरिदियो केटाले। उसको मुहारमा विशेष हाँसो देखियो।

बिडम्बना त्यही दिन भर्याङबाट लडेर उसको मृत्यु भएछ । रातिको समय आफन्तहरू कात्रो किन्न गएछन्। अँध्यारोमा किनेको कात्रो ओल्टाइ पल्टाई गरेर हेर्न पाएनन्। बिहानै आर्यघाटमा जब केटो पुग्यो र देख्यो। कात्रोमा प्वालै प्वाल परेको थियो। तब केटो हाँस्यो र मनमनै सोच्यो, "अति लोभिको लासमा ओडाउने कात्रोमा पनि प्वाल हुन्छ भन्थे सत्य रहेछ।"

# मधेसमा रणनीतिक आयोजनाहरूको निर्माण तीव्र




काठमाडौं- मधेस प्रदेशमा बढ्दो विद्युत् माग, कमजोर वितरण पूर्वाधार र औद्योगिक क्षेत्रमा देखिँदै आएको विद्युत् आपूर्तिको चुनौतीलाई सम्बोधन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले उच्च प्राथमिकताका साथ प्रसारण लाइन तथा सबस्टेसन आयोजनाहरूको निर्माण र पूर्वतयारीलाई तीव्रता दिएको छ । मन्त्रालयले तत्कालीन विद्युत् माग पूरा गर्ने मात्र नभई आगामी दिनमा उद्योग, व्यवसाय तथा घरेलु उपभोक्ताबाट थपिने मागलाई समेत धान्न सक्ने गरी प्रसारण संरचना विस्तारलाई रणनीतिक रूपमा अघि बढाएको हो ।

मधेस प्रदेशमा नयाँ प्रसारण लाइन र सबस्टेसन थपिँदा विद्युतको गुणस्तर र विश्वसनीयता सुधार हुनुका साथै औद्योगिक विस्तारका लागि आवश्यक ऊर्जा पूर्वाधार तयार हुने अपेक्षा गरिएको छ । निर्माणाधीन आयोजनाहरूलाई निर्धारित समयभित्रै सम्पन्न गराउन मन्त्रालयले नियमित अनुगमन, समन्वय र सहजीकरण गर्दै आएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठले मधेस प्रदेशको विद्युत् माग सम्बोन गर्न प्रसारण लाइन तथा सबस्टेसन आयोजनाहरू निर्माणको महत्वपूर्ण चरणमा पुगेको बताउनुभएको छ । उहाँका अनुसार ढल्केबर-बालगंगा १३२ केभी प्रसारण लाइन तथा सबस्टेसन आयोजना करिब २४ किलोमिटर लामो डबल सर्किट १३२ केभी प्रसारण लाइन नो-लोड अवस्थामा सफलतापूर्वक चार्ज भइसकेको छ । त्यस्तै बालगंगा सबस्टेसनमा निर्माण तथा उपकरण जडानका काम तीव्र रूपमा अघि बढिरहेका छन् । सो आयोजनालाई दशैंअघि नै सञ्चालनमा ल्याउने लक्ष्यका साथ काम गर्न मातहतका निकायलाई परिचालन गर्दै मन्त्रालयले आवश्यक समन्वय गरिरहेको उहाँले जानकारी दिनुभयो । मन्त्री श्रेष्ठले सो आयोजना सञ्चालनमा आएपछि मुजेलिया, यदुकोहा, धनुषाधाम, वीरेन्द्र बजार, लोहना र नगराइन क्षेत्रका साथै धनुषा जिल्लाकै वितरण प्रणालीलाई समेत थप मजबुत बनाउने अपेक्षा गरिएको जानकारी दिनुभयो । ढल्केबर-बालगंगा १३२ केभी प्रसारण लाइन तथा सबस्टेसन आयोजनाको करिब २ अर्ब १३ करोड ६० लाख रुपैयाँ लागत अनुमान रहेको छ । करिब २४ किलोमिटर डबल सर्किट १३२ केभी प्रसारण लाइन निर्माण तथा हंसपुर नगरपालिका-९ मा ६३ एमभीए क्षमताको १३२र३३ केभी सबस्टेसन निर्माण आयोजनाको मुख्य कार्यक्षेत्र हो ।

ढल्केबर-लोहारपट्टी १३२ केभी लाइनको टावर नं। ३० बाट सुरु हुने प्रसारण लाइन बालगंगा सबस्टेसनमा जोडिनेछ । यो जुलाई महिनामा प्रसारण लाइन नो-लोड अवस्थामा चार्ज भइसकेको छ । बालगंगा सबस्टेसनका अधिकांश प्रमुख उपकरण, पावर ट्रान्सफर्मरसहित, आयोजनास्थलमा पुगिसकेका छन् । सिभिल निर्माण अन्तिम चरणमा छ भने उपकरण जडान भइरहेको छ । कन्ट्रोल रुम र कर्मचारी आवास भवनसमेत अन्तिम चरणमा पुगेका छन् ।

## पूर्व-पश्चिम विद्युत् मागलाई धान्ने संरचना बन्दै

मधेस प्रदेशको विद्युत् प्रणालीमा देखिएको प्रमुख चुनौतीमध्ये एउटा ३३ केभी र ११ केभी वितरण लाइनमा बढ्दो भार हो । विशेषगरी सिरहा र सप्तरीका ग्रामीण तथा औद्योगिक क्षेत्रमा माग बढ्दै जाँदा विद्यमान वितरण संरचनाको क्षमताले भविष्यको माग धान्न कठिन हुने अवस्था देखिएको छ ।

यसैलाई ध्यानमा राखेर लहान-सुखीपुर १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ । विद्यमान लहान सबस्टेसनदेखि सुखीपुरमा प्रस्तावित १३२र३३र११ केभी सबस्टेसनसम्म करिब १७ किलोमिटर डबल सर्किट प्रसारण लाइनको निर्माण कार्य अगाडि बढेको छ । सुखीपुरमा ६३ एमभीएका दुईवटा र २४ एमभीएको एउटा ट्रान्सफर्मर रहनेछन् भने लहान सबस्टेसनमा दुईवटा १३२ केभी लाइन थपिनेछन् ।

आयोजनाको अनुमानित लागत करिब १ अर्ब ५३ करोड रुपैयाँ छ । हाल सम्भाव्यता तथा वातावरणीय अध्ययन सम्पन्न भइसकेको, सुखीपुर सबस्टेसनको सीमा पर्खाल निर्माण भएको र निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ । प्रसारण लाइनका टावरका लागि आवश्यक जग्गा अधिग्रहण अन्तिम चरणमा पुगेको छ भने निर्माण व्यवसायीले २४ महिनाभित्र प्रसारण लाइन निर्माण, परीक्षण र सञ्चालनमा ल्याउने गरी काम सुरु गरिसकेको छ । बाँकी जग्गा अधिग्रहण आगामी भदौसम्म सम्पन्न गर्ने लक्ष्यसहित कार्य अगाडि बढाइएको छ ।

## सप्तरीमा प्रसारण पूर्वाधार विस्तार गरिँदै

सप्तरी जिल्लामा पनि विद्युत् माग र औद्योगिक सम्भावनालाई ध्यान दिँदै रुपनी-बोदेबरसाइन १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ । करिब १८ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरी बोदेबरसाइनमा नयाँ १३२र३३र११ केभी सबस्टेसन स्थापना गर्ने तयारीका साथ काम भइरहेको नेपाल विद्युत प्राधिकरणले जनाएको छ ।

प्रस्तावित सबस्टेसनमा ३० एमभीएका दुई वटा र २४ एमभीएको एउटा ट्रान्सफर्मर रहनेछन् । रुपनी सबस्टेसनमा दुईवटा १३२ केभी लाइन बे थपिनेछन् । यसले सप्तरीको मध्य तथा दक्षिण-पूर्वी क्षेत्रमा विद्युत् आपूर्ति सुधार गर्नुका साथै भविष्यमा थपिने उत्पादनलाई प्रणालीमा जोड्नसमेत सहयोग गर्नेछ । प्राधिकरणका अनुसार सआयोजनाको अनुमानित लागत करिब १ अर्ब ५६ करोड रुपैयाँ छ । हाल अध्ययनका काम सम्पन्न भइसकेको छ, त्यस्तै सबस्टेसनको सीमा पर्खाल निर्माण भएको छ र निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ । करिब १९ किलोमिटरको आयोजनाको लागत अनुमान स्वीकृत भइसकेको तथा बोलपत्रसम्बन्धी कागजात तयार गर्ने प्रक्रिया अघि बढेको छ ।

## रौतहटको मध्य तथा दक्षिणी क्षेत्र सुधार हुँदै

र ा ै त ह ट म ा चन्द्रपुर-सुखदेव चोक १३२ केभी प्रसारण लाइन आयोजनामार्फत मध्य तथा दक्षिणी क्षेत्रको विद्युत् प्रसारण क्षमता बढाउने काम भइरहेको छ । चन्द्रनिगाहपुरस्थित विद्यमान सबस्टेसनदेखि यमुनामाई गाउँपालिका-४, सरुअठामा प्रस्तावित सबस्टेसनसम्म करिब ३७ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिने भएको छ । सरुअठामा १३२र३३र११ केभी सबस्टेसन निर्माण गरी ६३ एमभीएका दुईवटा १३२र३३ केभी र २४ एमभीएका दुईवटा ३३र११ केभी ट्रान्सफर्मर जडान गर्ने योजना छ ।

प्रसारण लाइनले गौर, मनपुर, सिम्रौनगढ र मौलापुर क्षेत्रका विद्युत् वितरण केन्द्रलाई थप भरपर्दो आपूर्ति दिन सहयोग गर्नेछ । नेपाल विद्युत प्राधिकरणका करिब ७ किलोमिटर प्रसारण लाइन राष्ट्रिय वन क्षेत्र हुँदै जाने भएकाले वन क्षेत्रको स्वीकृति र टावरका लागि जग्गा अधिग्रहण प्रक्रिया जारी छ । यद्यपि विस्तृत सम्भाव्यता तथा वातावरणीय अध्ययन, सबस्टेसनका लागि जग्गा अधिग्रहण, सीमा पर्खाल र सुरक्षा भवन निर्माणजस्ता पूर्वनिर्माणका अधिकांश काम सम्पन्न भइसकेका छन् । प्रसारण लाइनको चेक सर्भे, टावर प्रोफाइलिङ, पेगिङ, पिट मार्किङ र कित्ता नक्सासम्बन्धी कार्यसमेत पूरा भएको छ ।

चन्द्रपुर-सरुअठा प्रसारण लाइन निर्माणका लागि जुलाईमा निर्माण व्यवसायीसँग सम्झौता भएको छ । करिब ९३ करोड ८२ लाख ४० हजार रुपैयाँको सम्झौता रकम रहेको आयोजनाको निर्माण अवधि ३० महिना तोकिएको छ । सरुअठा सबस्टेसनको पनि खरिद प्रक्रिया भने अघि बढिरहेको छ ।

## बारा-पर्साका औद्योगिक क्षेत्रका लागि उच्च क्षमताको प्रसारण लाइन

औद्योगिक करिडोरका रूपमा विकसित बारा-पर्सा क्षेत्रमा विद्युत् मागको तीव्र वृद्धि भइरहेको अवस्थामा हेटौंडा-परवानीपुर-पोखरिया १३२ केभी प्रसारण लाइन आयोजनालाई पनि महत्वपूर्ण पूर्वाधारका रूपमा अघि बढाइएको छ ।

परवानीपुरदेखि पोखरियासम्म २१ ।२१ किलोमिटर लामो १३२ केभी चार सर्किट प्रसारण लाइन निर्माण, पोखरियामा नयाँ १३२र३३र११ केभी सबस्टेसन स्थापना र परवानीपुर सबस्टेसनमा बे विस्तार यस आयोजनाका प्रमुख कार्य हुन् । यसअघि पिलुवा ९पथलैया०-परवानीपुर १७ किलोमिटर १३२ केभी डबल सर्किट लाइनमा हाई टेम्प्रेचर लो स्याग कन्डक्टरमार्फत पुनःकन्डक्टरिङ गर्ने कार्य सम्पन्न भइसकेको छ । उक्त लाइन जनवरी २०२५ देखि सञ्चालनमा आउने छ ।

त्यस्तै पोखरिया सबस्टेसनमा कन्ट्रोल रुम, कर्मचारी आवास, स्टोर, गार्ड हाउस तथा उपकरण र ट्रान्सफर्मरका फाउन्डेसन निर्माण भइरहेका छन् । चार सर्किट टावरको डिजाइन स्वीकृत भइसकेको छ भने संशोधित प्रारम्भिक वातावरणीय परीक्षण पनि स्वीकृत भएको छ । बोलपत्र प्रक्रिया सम्पन्न गरी चिनियाँ कम्पनीसँग निर्माण सम्झौता भइसकेको छ । उक्त आयोजना सन् २०२७ सेप्टेम्बरसम्म सम्पन्न गर्ने लक्ष्य लिइएको प्राधिकरणले जनाएको छ ।

# ब्याजदर न्यून हुँदा पनि कर्जाको माग छैन



काठमाडौं- नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) मनोज ज्ञवालीले नेपालको बैंकिङ क्षेत्रमा निक्षेप बढ्दै गए पनि कर्जाको माग हुन नसकेको बताएका छन् । उनले ब्याजदर इतिहासकै न्यून बिन्दुमा पुग्दा पनि बजारमा कर्जाको माग नबढ्नु अर्थतन्त्रमा माग र व्यवसायिक विश्वास कमजोर रहेको संकेत भएको बताएका हुन् ।

नाइमामा आयोजित कार्यक्रममा बोल्दै ज्ञवालीले बैंकिङ क्षेत्रमा अहिले करिब साढे १३ देखि १४ खर्ब रुपैयाँ निक्षेप सरप्लस रहेको जानकारी दिए । उनका अनुसार यो रकम सरकारले एक वर्षमा गर्न सक्ने पुँजीगत खर्चको क्षमताभन्दा करिब तीन गुणा बढी हो ।

'ब्याजदर सिंगल डिजिटमा मात्र होइन, त्यसको पनि आधा अर्थात् न्यून बिन्दुमा आउँदा पनि बजारमा कर्जाको माग छैन,' उनले भने ।

ज्ञवालीका अनुसार बैंकिङ प्रणालीमा निक्षेप बढ्नुमा वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्सको ठूलो योगदान छ । पछिल्लो समय मासिक दुई खर्ब रुपैयाँभन्दा बढी रेमिट्यान्स भित्रिँदा विदेशी मुद्रा सञ्चिति बढाउन सहयोग पुगे पनि ठूलो संख्यामा युवा विदेशिँदा आन्तरिक उपभोगमा भने असर परेको उनको भनाइ छ ।

'महिनामा २ खर्बभन्दा बढी पैसा रेमिट्यान्सबाट आएको आएकै छ, जसले वैदेशिक मुद्राको सञ्चिति त बढाएको छ, तर अर्कोतिर ५० लाखभन्दा बढी युवा बाहिर जाँदा आन्तरिक उपभोगको शैली प्रभावित भएको छ,' उनले भने ।

अ ा न त ि र क उपभोग घट्दा उद्योग तथा व्यवसायको कारोबारसमेत प्रभावित भएको उनले बताए । उनका अनुसार असार मसान्तयता मात्रै बैंकिङ क्षेत्रमा कर्जा प्रवाह करिब ३० अर्ब रुपैयाँले घटेको छ ।

राष्ट्र बैंकले २.७५ प्रतिशत ब्याजदरमा निक्षेप खिचेर बैंकिङ प्रणालीलाई राहत दिए पनि समस्या केवल बैंकिङ प्रणालीको नभई अर्थतन्त्रमा माग र विश्वासको रहेको ज्ञवालीले बताए ।

व्यवसायीमा देखिएको निराशा हटाउन सरकारले विशेष पहल गर्नुपर्ने ज्ञवालीको भनाइ छ । उनले व्यावसायिक गल्ती र फौजदारी अभियोगलाई एउटै दृष्टिकोणबाट हेर्न नहुने बताए ।

वित्तीय अपराध गर्ने व्यक्तिलाई कारबाही गर्नुपर्ने भए पनि त्यसको प्रकृति हेरेर आर्थिक अपराधलाई आर्थिक रूपमै दण्डित गर्ने कानुनी व्यवस्था आवश्यक रहेको उनले बताए । 'कसैले फाइनान्सियल क्राइम गरेको छ भने त्यसलाई आर्थिक रूपमै पेनालाइज्ड गरिनुपर्छ । थुनेर दुःख दिनुको साटो कानुन स्पष्ट पारियो भने उद्यमीको मनोबल फर्कन्छ,' ज्ञवालीले भने ।

उनले नियतवश गल्ती नगरेका व्यवसायीलाई अपराधीको जस्तो व्यवहार गर्दा लगानीकर्ताको मनोबल कमजोर हुने बताए । वित्तीय अपराध र प्रशासनिक वा फौजदारी अभियोगबीच स्पष्ट विभाजन आवश्यक रहेको उनको भनाइ छ ।

'निजी क्षेत्रको विश्वास जित्नु निकै महत्त्वपूर्ण छ । मुलुकको डेलिभरी र समृद्धिका लागि स्रोत चाहिन्छ र त्यो स्रोत निजी क्षेत्रको लगानीबाट मात्र सम्भव छ,' उनले भने, 'इमानदार व्यवसायीको मनोबल उच्च राख्ने र बदमासहरूलाई कारबाही गर्ने प्रणाली विकास गर्नुपर्छ ।'

# टिजन्स बैंकको खुद नाफा २ अर्ब ९ करोड

काठमाडौं । सिटिजन्स बैंकले आर्थिक वर्ष २०८२/८३ मा वित्तीय प्रदर्शनमा उल्लेख्य सुधार गरेको छ । बैंकले खुद नाफा ६३.०५ प्रतिशतले वृद्धि गरेर २ अर्ब ९ करोड ८६ लाख रुपैयाँ पुगेको जनाएको छ । अघिल्लो आर्थिक वर्षमा बैंकको खुद नाफा १ अर्ब २८ करोड ७१ लाख रुपैयाँ रहेको थियो ।

यससँगै बैंकको नाफामा मात्रै नभई प्रतिसेयर आम्दानी क्षमतामा समेत उल्लेख्य सुधार देखिएको छ । बैंकको बेसिक अर्निङ्स पर सेयर (इपीएस) ८.६८ रुपैयाँबाट बढेर १३.५३ रुपैयाँ पुगेको छ । अर्थात्, बैंकको इपीएसमा करिब ५६ प्रतिशतको वृद्धि भएको छ । खुद नाफा र इपीएस दुवैमा आएको सुधारले बैंकको आम्दानी क्षमता मजबुत हुँदै गएको संकेत गरेको जनाइएको छ ।

नाफा वृद्धिमा इम्पेयरमेन्ट चार्जमा आएको ६९.०५ प्रतिशतको कमी महत्वपूर्ण योगदानकर्ताका रूपमा देखिएको छ । अघिल्लो वर्ष २ अर्ब ६८ करोड रुपैयाँ रहेको इम्पेयरमेन्ट चार्ज यस वर्ष घटेर ८२ करोड ९४ लाख रुपैयाँ मा सीमित भएको छ । यसले बैंकको नाफामा सकारात्मक प्रभाव पारेको जनाइएको छ । त्यसैगरी, बैंकको निक्षेप लागत ४.४९ प्रतिशतबाट घटेर ३.३६ प्रतिशत मा आएको छ । घट्दो ब्याजदर वातावरणमा बैंकले आफ्नो स्रोत लागत व्यवस्थापनमा सुधार गरेको देखिन्छ । बैंकको नेट शुल्क तथा कमिसन आम्दानी ६.३३ प्रतिशतले बढेको छ भने नेट ट्रेडिङ तथा अन्य सञ्चालन आम्दानीमा उल्लेख्य ५१.१२ प्रतिशतको वृद्धि भएको बैंकद्वारा जारी तथ्यांकले देखाउँछ ।





गोकुलगंगा गाउँपालिका वडा नं. ३को

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- वडाकार्यालयद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न वडा कार्यालयलाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार वडामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा वडाको सरसफाई कार्यमा सहयोग गरौं ।

गोकुलगंगा गाउँपालिका वडा नं. ३
वडा कार्यालय, रस्नालु, पात्ले

# नेपाली फिल्म बजारमा नयाँ रेकर्डको लहर

■ विनोद कार्की

काठमाडौं- नेपाली चलचित्रको घरेलु बजारमा पछिल्लो समय उत्साहजनक गतिविधि देखिन थालेको छ । एकपछि अर्को फिल्मले बक्स अफिसमा उल्लेखनीय व्यापार गर्न थालेसँगै नेपाली चलचित्र उद्योगमा नयाँ सम्भावनाको संकेत देखिएको छ । यस वर्ष २०८३ मा प्रदर्शनमा आएका फिल्ममध्ये सुरुमा 'लालीबजार'ले सर्वाधिक कमाइ गर्ने फिल्मको रूपमा आफूलाई स्थापित गरेको थियो भने पछिल्लो समय प्रदर्शनमा आएको 'गौंथली'ले नेपाली फिल्म इतिहासमै दोस्रो सर्वाधिक कमाउने फिल्मको कीर्तिमान आफ्नो नाममा पार्न सफल भएको छ ।






चलचित्र विकास बोर्डले सार्वजनिक गर्ने बक्स अफिस तथ्यांकले नेपाली फिल्मको व्यापारिक अवस्थालाई स्पष्ट पार्दै आएको छ । बोर्डअन्तर्गतको 'सिनेमा-२ बक्स अफिस'मा उपलब्ध तथ्यांकअनुसार यस वर्षको सुरुआती महिनामा प्रदर्शनमा आएका फिल्ममध्ये 'लालीबजार'ले घरेलु बजारमा सबैभन्दा राम्रो व्यापार गरेको थियो । जेठ १६ गते शनिबारसम्मको तथ्यांकअनुसार 'लालीबजार'ले रु सात करोड ९० लाख ३१ हजार ४७६ ग्रस कमाइ गरेको थियो । उक्त अवधिसम्म फिल्मका एक लाख ९६ हजार ४०६ टिकट बिक्री भएका थिए ।

गत वैशाख २५ गतेदेखि नेपालभरका फिल्म भवनमा प्रदर्शनमा आएको 'लालीबजार'ले प्रदर्शनको सुरुआती चरणदेखि नै दर्शकको राम्रो साथ पाएको थियो । अभिनेत्री स्वस्तिमा खड्काको केन्द्रीय भूमिका रहेको फिल्ममा रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, विशाल देवकोटा, प्रशंसा सुवेदीलगायत कलाकारको अभिनय रहेको छ । फिल्मले घरेलु बजारमा प्राप्त गरेको सफलताले कलाकार तथा निर्माण पक्षलाई थप उत्साहित बनाएको थियो ।

फिल्मको व्यापारलाई केवल कमाइको दृष्टिले मात्र नभई दर्शकको सहभागिताका हिसाबले समेत मूल्यांकन गर्न सकिन्छ । 'लालीबजार'का लागि झन्डै दुई लाख टिकट बिक्री हुनु नेपाली फिल्मप्रतिको दर्शकको आकर्षणको महत्वपूर्ण संकेतका रूपमा हेरिएको थियो । चलचित्र क्षेत्रमा नयाँ तथा फरक कथावस्तु भएका फिल्मप्रति दर्शकको चासो बढिरहेको अवस्थामा 'लालीबजार'को प्रदर्शनले नेपाली फिल्म निर्माताका लागि सकारात्मक सन्देश दिएको थियो ।

त्यस अवधिमा 'परालको आगो'ले पनि उल्लेखनीय व्यापार गरेको थियो । गत वैशाख ११ गते प्रदर्शनमा आएको उक्त फिल्मले रु चार करोड २७ लाख ८४ हजार ४४५ कमाइ गरेको थियो । फिल्मका लागि एक लाख ५४ हजार ३४ टिकट बिक्री भएका थिए । सुशील पोखरेलले निर्माण गरेको तथा लक्ष्मण सुनारले निर्देशन गरेको उक्त फिल्ममा प्रकाश सपुत, सुहाना थापा, सौगात मल्ल, सिर्जना अधिकारीलगायत कलाकारले अभिनय गरेका छन् ।

यस्तै, गत वैशाख २५ गतेदेखि प्रदर्शनमा आएको 'मालती मङ्गले'ले भने अपेक्षाकृत ठूलो व्यापार गर्न सकेन । उक्त फिल्मले रु ५१ लाख ७३ हजार ७९३ कमाइ गरेको थियो भने १६ हजार १८८ टिकट बिक्री भएका थिए । गायक रामकृष्ण ढकालले निर्माण गरेको फिल्ममा वर्षा राउत, विजय बराल, मेक्सम गौडेललगायत कलाकारको अभिनय रहेको छ । प्रकु पाण्डेयको निर्देशनमा तयार भएको उक्त फिल्मले घरेलु बजारमा अपेक्षित सफलता प्राप्त गर्न नसकेको देखिन्छ ।

त्यसैगरी वैशाख २५ मै प्रदर्शनमा आएको 'गुरु आमा'ले रु २९ लाख ४२ हजार ५७६ कमाइ गरेको थियो । फिल्मका लागि नौ हजार ३२७ टिकट बिक्री भएका थिए । प्रेम सोनी सुनारको निर्देशनमा बनेको उक्त फिल्ममा मिथिला शर्मा, गौरी मल्ल, बुद्धि तामाङ, टीका सानु, सुस्मा थापा, सुशील पोखरेल, ध्रुव कोइराला, उत्तम केसी, गिरीबहादुर पुनलगायत कलाकारले अभिनय गरेका छन् ।

जेठ १ गतेदेखि प्रदर्शनमा आएको 'एक मुट्ठी बादल'को व्यापार भने तुलनात्मक रूपमा कमजोर रह्यो । उक्त फिल्मले रु पाँच लाख २१ हजार ८२५ कमाइ गरेको थियो भने एक हजार ५०५ टिकट बिक्री भएका थिए । सहारा शर्माको निर्देशनमा बनेको फिल्ममा आँचल शर्मा, सहयोग अधिकारी, उषा रजक, निशा शर्मालगायत कलाकारको अभिनय रहेको छ ।

सोही मितिमा प्रदर्शनमा आएको 'लाइफ ड्यामेज'ले भने 'एक मुट्ठी बादल'भन्दा राम्रो व्यापार गरेको थियो । निमेष श्रेष्ठको निर्देशनमा बनेको फेन्टासी कमेडी ड्रामा फिल्मले रु ३३ लाख २६ हजार ३२० कमाइ गरेको थियो । फिल्मका लागि १० हजार ८५५ टिकट बिक्री भएका थिए । फिल्ममा सुरक्षा पन्त, निमेष श्रेष्ठ, ईशा थापा, सञ्जना महर्जन, अमोघ अर्याल, अनिश जङ्ग थापा, अजय पन्त, सविन बास्तोला र निरु खड्कालगायत कलाकारको अभिनय रहेको छ ।

जेठ ८ गते प्रदर्शनमा आएका 'काजी' र 'मितज्यू'को व्यापार पनि फरक-फरक देखियो । ग्रामीण भेगको प्रेमकथामा आधारित 'काजी'ले रु ४० लाख ८८ हजार १७५ कमाइ गरेको थियो । लक्ष्मण रिजाल निर्देशित उक्त फिल्मका लागि १३ हजार सात टिकट बिक्री भएका थिए । फिल्ममा विपिन कार्की, केकी अधिकारी, गरिमा शर्मालगायत कलाकारको अभिनय रहेको छ ।

त्यही मितिमा प्रदर्शनमा आएको 'मितज्यू'ले भने 'काजी'को तुलनामा राम्रो व्यापार गरेको थियो । अनिल बुढा मगरको निर्देशनमा बनेको फिल्मले सोही अवधिसम्म रु एक करोड २० लाख ५९ हजार ८२ कमाइ गरेको थियो । फिल्मका लागि ४१ हजार २४८ टिकट बिक्री भएका थिए । जनक घर्तीमगरले निर्माण गरेको उक्त फिल्ममा सौगात मल्ल, दयाहाङ राई, टेरिया फौजा मगरलगायत कलाकारले अभिनय गरेका छन् ।

यी तथ्यांकले यस वर्ष प्रदर्शनमा आएका सबै फिल्मले समान रूपमा सफलता प्राप्त नगरेको देखाउँछ । केही फिल्मले दर्शकलाई आकर्षित गर्दै करोडौं रुपैयाँको कारोबार गरेका छन् भने केही फिल्मको व्यापार लाखमा सीमित भएको छ । यसले फिल्मको कथा, कलाकार, प्रचारप्रसार, निर्देशन, प्रदर्शन मिति र दर्शकको रुचिले बक्स अफिसमा प्रत्यक्ष प्रभाव पार्ने देखाएको छ ।

तर नेपाली फिल्म बजारको पछिल्लो चर्चा भने 'गौंथली'तर्फ केन्द्रित भएको छ । साउन १ गतेदेखि प्रदर्शनमा आएको 'गौंथली'ले प्रदर्शनको करिब एक महिना पुग्न लाग्दा पनि दर्शकको आकर्षण कायम राख्न सफल भएको छ । फिल्मको शोमा दर्शकको अकुपेन्सी उत्साहजनक रहेको बताइएको छ । यही कारण फिल्मले छोटो समयमै विगतका सफल नेपाली फिल्मको लाइफटाइम कलेक्सनलाई समेत उछिन्न सफल भएको हो ।

चलचित्र विकास बोर्डको 'सिनेमा बक्स अफिस'मा बिहीबार दिउँसो १ बजेसम्म उपलब्ध तथ्यांकअनुसार 'गौंथली'ले रु २१ करोड ४२ लाख २१ हजारभन्दा बढी ग्रस कमाइ गरिसकेको छ । उक्त अवधिसम्म फिल्मका सात लाख ८८ हजार सात सयभन्दा बढी टिकट बिक्री भएको बक्स अफिस स्रोतले जनाएको छ ।

यो कमाइसँगै 'गौंथली' नेपाली फिल्म इतिहासकै दोस्रो सर्वाधिक कमाउने फिल्म बन्न सफल भएको हो । यसअघि दोस्रो स्थानमा रहेको 'कबड्डी ४'को कुल कमाइ रु २१ करोड ४० लाख रहेको चलचित्र विकास बोर्डको तथ्यांकमा उल्लेख छ । 'गौंथली'ले उक्त रकमलाई केही लाखले उछिन्दै नेपाली फिल्मको सर्वाधिक कमाइ गर्ने सूचीमा दोस्रो स्थान सुरक्षित गरेको हो ।

'गौंथली'को सफलताले नेपाली फिल्म बजारमा नयाँ बहससमेत सिर्जना गरेको छ । केही समययता नेपाली फिल्मको व्यापार सीमित फिल्ममा मात्र केन्द्रित हुने गरेको अवस्थामा 'गौंथली'ले दर्शकलाई हलसम्म तान्न सफल भएको छ । फिल्मले प्रदर्शनको लामो समयसम्म दर्शकको रुचि कायम राख्न सकेको तथ्यलाई यसको व्यापारिक सफलताको मुख्य आधारका रूपमा हेरिएको छ ।

यसअघि 'गौंथली'ले 'छक्का पञ्जा'का विभिन्न श्रृंखला, 'जेरी अन टप', 'जारी', 'परान' र '१२ गाउँ'जस्ता चर्चित फिल्मको कमाइलाई समेत उछिनेको थियो । यी फिल्महरू नेपाली बक्स अफिसमा सफल मानिएका थिए । ती फिल्मलाई समेत पछि पार्दै 'गौंथली'ले आफ्नो स्थान बलियो बनाएको हो ।

नेपाली फिल्म इतिहासमा सर्वाधिक कमाउने फिल्मको कीर्तिमान भने अझै 'पूर्णबहादुरको सारंगी'को नाममा छ । उक्त फिल्मले रु ४६ करोड ८७ लाख ४१ हजार कमाइ गरेको थियो । 'गौंथली' अहिले दोस्रो स्थानमा पुगे पनि सर्वाधिक कमाउने फिल्मभन्दा उसको कमाइमा अझै ठूलो अन्तर छ । यद्यपि, फिल्मको व्यापारिक गति कायम रहेमा आगामी दिनमा कमाइ थप बढ्ने अपेक्षा गरिएको छ ।

बक्स अफिस स्रोतका अनुसार आगामी सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गर्ने अद्यावधिक तथ्यांकमा 'गौंथली'को कुल कमाइ रु २३ करोडभन्दा माथि पुग्ने अनुमान गरिएको छ । दर्शकको साथ निरन्तर रहिरहेमा फिल्मले रु २५ करोडभन्दा बढीको व्यापार गर्न सक्ने प्रक्षेपण गरिएको छ । यस्तो अवस्थामा फिल्मले नेपाली चलचित्रको बक्स अफिस इतिहासमा आफूलाई अझ बलियो स्थानमा स्थापित गर्नेछ ।

डा. भोला रिजालका छोरा डा. कपिल रिजालको निर्देशनमा बनेको 'गौंथली'मा अरूण क्षेत्री र सिम्रन खड्का मुख्य भूमिकामा छन् । उनीहरूसँगै मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारले अभिनय गरेका छन् । शिक्षाको महत्व तथा श्रीमान्-श्रीमतीबीचको सम्बन्धलाई कथाको केन्द्रमा राखेर फिल्म निर्माण गरिएको छ । फिल्मका निर्माता कपिल रिजाल र सुमन गिरी हुन् । 'गौंथली'को व्यापारिक सफलताको अर्को महत्वपूर्ण पक्ष यसको विषयवस्तु पनि रहेको निर्माण पक्षको बुझाइ छ । मनोरञ्जनसँगै सामाजिक विषयलाई प्रस्तुत गरेको फिल्मले पारिवारिक दर्शकलाई समेत आकर्षित गर्न सफल भएको देखिन्छ । शिक्षाको महत्व र पारिवारिक सम्बन्धलाई कथाको केन्द्रमा राखिएकाले विभिन्न उमेर समूहका दर्शकले फिल्ममा आफूलाई जोड्न सकेको निर्माण पक्षको दाबी छ ।

यस वर्षको नेपाली फिल्म बजारलाई समग्रमा हेर्दा एउटै फिल्मले मात्र बजार धानेको अवस्था भने छैन । 'लालीबजार', 'परालको आगो', 'मितज्यू' हुँदै अहिले 'गौंथली'सम्म आइपुग्दा विभिन्न फिल्मले आ-आफ्नो स्तरमा दर्शकको साथ पाएका छन् । यद्यपि, बक्स अफिसको आकार र रेकर्डका हिसाबले 'गौंथली'ले प्राप्त गरेको सफलता अन्य फिल्मको तुलनामा निकै ठूलो देखिएको छ ।

'लालीबजार'ले वर्षको सुरुआती चरणमा सर्वाधिक कमाइ गर्ने फिल्मको स्थान बनाएको थियो । त्यसपछि आएका फिल्महरूको प्रदर्शन र व्यापारले उक्त रेकर्डलाई चुनौती दिए पनि 'गौंथली'ले मात्र नेपाली फिल्म इतिहासकै दोस्रो स्थानसम्म पुग्ने गरी ठूलो छलाङ लगाएको हो । यसले चलचित्र क्षेत्रमा सफल फिल्म निर्माणका लागि राम्रो कथा, कलाकारको प्रस्तुति र दर्शकसँग जोडिने विषयवस्तुको महत्वलाई पुनः प्रमाणित गरेको छ ।

चलचित्र विकास बोर्डले प्रत्येक सोमबार नेपाली फिल्मले गरेको कमाइको विवरण सार्वजनिक गर्दै आएको छ । बोर्डको आधिकारिक तथ्यांकले फिल्म निर्मातादेखि कलाकार, वितरक र प्रदर्शकसम्मलाई फिल्मको वास्तविक व्यापारबारे जानकारी लिन सहयोग गर्दै आएको छ । बक्स अफिस प्रणालीमा देखिने तथ्यांकका आधारमा कुन फिल्मले कति टिकट बिक्री गऱ्यो र कति कमाइ गऱ्यो भन्ने विषय तुलनात्मक रूपमा स्पष्ट हुँदै गएको छ ।

नेपाली चलचित्रको बजार विस्तारका लागि बक्स अफिसको पारदर्शिता र दर्शकको बढ्दो सहभागिता महत्वपूर्ण मानिन्छ । पछिल्ला केही वर्षमा नेपाली फिल्मले घरेलु बजारमा उल्लेखनीय व्यापार गर्न थालेका छन् । ठूला बजेटका मात्र नभई विषयवस्तु र प्रस्तुतीकरणका आधारमा दर्शकले फिल्म छनोट गर्न थालेको देखिन्छ ।

यस वर्षको व्यापारिक यात्राले पनि यही संकेत गरेको छ । केही फिल्मले अपेक्षाअनुसार व्यापार गर्न नसके पनि 'लालीबजार' र 'गौंथली'जस्ता फिल्मले घरेलु बजारमा ठूलो कारोबार गर्न सफल भएका छन् । विशेषगरी 'गौंथली'ले छोटो अवधिमै दोस्रो सर्वाधिक कमाउने नेपाली फिल्मको रेकर्ड बनाउनु उद्योगका लागि सकारात्मक उपलब्धि मानिएको छ ।

अब नेपाली फिल्म क्षेत्रको मुख्य चासो 'गौंथली'ले अन्ततः कति कमाइमा पुग्छ भन्नेमा केन्द्रित भएको छ । फिल्मको प्रदर्शन अझै जारी रहेको र दर्शकको अकुपेन्सी उत्साहजनक रहेको अवस्थामा यसको व्यापारमा थप वृद्धि हुने सम्भावना देखिएको छ । यदि यही गति कायम रह्यो भने फिल्मले २५ करोड रुपैयाँभन्दा माथिको व्यापार गर्ने अनुमानलाई समेत वास्तविकतामा परिणत गर्न सक्नेछ ।

यसरी २०८३ साल नेपाली चलचित्र बजारका लागि रेकर्ड र प्रतिस्पर्धाको वर्ष बन्ने संकेत देखिएको छ । वर्षको सुरुआतमा 'लालीबजार'ले आफ्नो बलियो उपस्थिति देखाएको अवस्थामा अहिले 'गौंथली'ले त्यसलाई समेत चुनौती दिँदै इतिहासकै दोस्रो ठूलो व्यापार गर्ने नेपाली फिल्मको स्थान हासिल गरेको छ । नेपाली फिल्मप्रति दर्शकको बढ्दो आकर्षण र बक्स अफिसमा देखिएको उत्साहले आगामी दिनमा अझ ठूला व्यापारिक सफलता हासिल गर्ने सम्भावनालाई बलियो बनाएको छ ।

## 'यानीमाया'को छायांकन



काठमाडौं । अभिनेता पल शाहले पहिलो पटक निर्माण गर्न लागेको फिल्म 'यानीमाया'को छायांकन सुरु भएको छ । शुक्रबार काठमाडौंको गागलफेदीमा शुभसाइत गर्दै फिल्मको छायांकन थालिएको हो । १० दिन काठमाडौंमा छायांकन गरेपछि फिल्मको टिम पर्वत प्रस्थान गर्नेछ । त्यहाँ २५ दिन छायांकन हुने जनाइएको छ । फिल्मको छायांकन तालिका ३५ दिनको राखिएको छ ।

ओम प्रतीकको लेखन तथा निर्देशनमा बन्न लागेको यस फिल्ममा पल शाह र अञ्जना मगरको मुख्य भूमिका रहनेछ । उनीहरूले यसअघि केही म्यूजिक भिडियोमा सहकार्य गरिसकेका छन् । फिल्ममा शिशिर वाङ्देल, गजित बिष्ट, लोकेन्द्र लेखक, अङ्कित खड्का, राज थापा, कर्मा लामा, संगीता थापा, विशाल पुलामी, नारायणी खत्रीलगायतका कलाकारहरूको पनि अभिनय रहनेछ ।

पल शाह फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्ममा पलसँगै चन्द्र ज्योति आले पनि निर्मातामा छिन् । फिल्ममा नवराज उप्रेतीको छायांकन, कुमार महर्जनको द्वन्द्व निर्देशन, भूपेन्द्र अधिकारीको सम्पादन तथा रेनिश फागोको रंग संयोजन रहनेछ । फिल्मलाई प्रजातन्त्र दिवसको अवसर पारेर फागुन ७ गते प्रदर्शन गर्ने घोषणा गरिएको छ । यानीमायालाई यसअघि विकास सुवेदीले निर्देशन गर्ने तयारी गरेका थिए । फिल्मको वर्कसपका लागि कलाकारसहितको टिम ढोरपाटन समेत पुगेको थियो । तर, छायांकन सुरु नहुँदै निर्माता र निर्देशकबीच सिर्जनात्मक मतभेद भएपछि विकासले फिल्मबाट हात झिकेका थिए । यसपछि पलको आग्रहमा फिल्मको निर्देशनको जिम्मेवारी ओम प्रतीकले सम्हालेका हुन् ।

## 'फूल भिरैमा' बोलको गीत आज सार्वजनिक हुँदै

काठमाडौं- यादब कार्की र बिनोद कार्कीको अभिनय रहेको नयाँ गीत 'फूल भिरैमा' आज सार्वजनिक हुदै छ ।




मायाँ, पिरती र मौलिक भावनालाई आकर्षक ढंगले प्रस्तुत गरिएको गीत "साचो अनलाइन टिभी" अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गर्न लागिएको हो ।

गीतमा सुवास खड्का, बिनोद कार्की र शुसिला बिष्टको शब्द रहेको छ । भने लोकप्रिय गायिका शुसिला बिष्ट र सुवास खड्काले स्वर दिएका छन् । प्रेमिल भावनालाई सरल र मिठासपूर्ण ढंगले प्रस्तुत गरिएको गीतको शब्द तथा संगीतले श्रोतालाई सहजै आकर्षित गर्ने अपेक्षा गरिएको छ । विशेषगरी प्रेम र मायाका भावनालाई गीतमार्फत सुन्दर ढंगले अभिव्यक्त गरिएको हुँदा 'फूल भिरैमा' पछिल्लो समयका प्रेमिल गीतहरूमध्ये दर्शक-श्रोताको रोजाइमा पर्न सक्ने देखिन्छ ।

गीतको भिडियोमा आयुषा राणा मगर, कृति श्रेष्ठ, यादब कार्की र बिनोद कार्कीको अभिनय रहेको छ । भिडियोमा मायाप्रेमका रमाइला तथा आकर्षक दृश्यहरू समेटिएका छन् । कलाकारहरूको अभिनय, गीतको भावअनुसारको दृश्य संयोजन र प्रेमिल प्रस्तुतिले भिडियोको सौन्दर्य थप बढाएको निर्माण पक्षको दाबी छ ।

भिडियोको निर्देशन अर्जुन कटुवालले गरेका हुन् । गीतको भाव, कलाकारहरूको अभिनय र दृश्य प्रस्तुतिलाई एकसाथ जोडेर तयार पारिएको भिडियोले दर्शकलाई मनोरञ्जनसँगै प्रेमको मिठो अनुभूति गराउने विश्वास गरिएको छ । 'फूल भिरैमा'को शब्द, संगीत र स्वरको संयोजनसँगै आकर्षक भिडियो प्रस्तुति यसको मुख्य विशेषता बनेको छ । गीतले प्रेममा रहेका तथा प्रेमको अनुभूति गर्न चाहने दर्शकको मन छुने अपेक्षा गरिएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# अन्तर्राष्ट्रिय विमानस्थलको पूर्वाधार विस्तार र लगानी सुरक्षा गर्न अर्थ समितिको निर्देशन



काठमाडौं- व्यवस्थापिका संसद्को अर्थ समितिले अन्तर्राष्ट्रिय विमानस्थलको पूर्वाधार विस्तार गर्न तथा जलविद्युत् क्षेत्रमा लगानीकर्ताको सुरक्षा सुनिश्चित गर्न सरकारलाई निर्देशन दिएको छ।

बिहीबार बसेको अर्थ समितिको बैठकले उपसमितिले गरेको स्थलगत अध्ययन तथा अनुगमन प्रतिवेदनका आधारमा विभिन्न चार विषयमा नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूमार्फत निर्देशन जारी गर्ने निर्णय गरेको हो।

समितिका सभापति डा. कृष्णहरि बूढाथोकीका अनुसार बैठकले विभिन्न १३ वटा बुँदामा सरकारलाई निर्देशन दिएको छ भने चार वटा विषयमा सम्बन्धित विषयगत समितिलाई जानकारी गराउने निर्णय गरेको छ।

**विमानस्थल परिसर विस्तार र नियमित मर्मत-सम्भार**

अन्तर्राष्ट्रिय विमानस्थलभित्र रहेका अध्यागमन तथा भन्सार कार्यालयका परिसर साँघुरा भएकाले सर्वसाधारण नागरिक तथा यात्रुहरूले सास्ती भोग्नुपरेको समितिको निष्कर्ष छ। सो समस्या समाधानका लागि परिसरको आवश्यक विस्तार एवं उचित व्यवस्थापन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत नेपाल नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिइएको छ।

यसैगरी, विमानस्थलका भौतिक संरचनाहरूको नियमित मर्मत-सम्भार गरी सधैँ चुस्त-दुरुस्त राख्न र ती संरचनाको प्रयोग गर्दा सर्वसाधारण नागरिकमाथि कुनै पनि अनावश्यक आर्थिक भार नपर्ने गरी नियमन र व्यवस्थापन मिलाउन पनि प्राधिकरणलाई भनिएको छ।

**उद्योगलाई विद्युत् र जलविद्युत्मा लगानी सुरक्षा**

देशभित्र सञ्चालित उद्योगहरूका लागि प्रतिस्पर्धी दरमा गुणस्तरीय र भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्न समितिले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई निर्देशन दिएको छ।

त्यस्तै, जलविद्युत् आयोजना निर्माणका क्रममा स्थानीय तहबाट विभिन्न माग राखी अवरोध पुऱ्याउने र आर्थिक 'बार्गेनिङ' गर्ने क्रम बढेकाले लगानीकर्ताहरूमा असुरक्षा पैदा भएको समितिको ठहर छ। यस समस्यालाई गम्भीरतापूर्वक लिँदै समितिले प्रभावित स्थानीयले पाउने सुविधा सुनिश्चित गर्दै लगानी र लगानीकर्ताको शान्ति-सुरक्षाको प्रत्याभूति यथाशीघ्र गराउन ऊर्जा मन्त्रालय र गृह मन्त्रालयलाई कडा निर्देशन दिएको छ।

# सम्पत्ति छानबिन आयोगको मुद्दा संवैधानिक इजलासमा पठाइयो, बारले उठायो प्रश्न




काठमाडौं। प्रधानन्यायाधीश मनोजकुमार शर्माले सम्पत्ति छानबिन आयोगसम्बन्धी मुद्दालाई संवैधानिक इजलासमा पठाउने निर्णय गरेका छन्। यसअघि उक्त मुद्दा पूर्ण इजलासमा पठाउने आदेश भइसकेको थियो।

असार २६ गते न्यायाधीशद्वय टेकप्रसाद ढुंगाना र श्रीकान्त पौडेलको इजलासले सम्पत्ति विवरण पेस गर्न कसैलाई बाध्य नपार्न आदेश दिएको थियो। कानुनी व्याख्याको गम्भीर प्रश्न रहेको भन्दै उक्त इजलासले मुद्दालाई पूर्ण इजलासमा पठाउन आदेश गरेको थियो। तर, पूर्ण इजलासमा पठाउने आदेश भइसकेको मुद्दालाई प्रधानन्यायाधीश शर्माले सर्वोच्च प्रशासनमार्फत टिप्पणी आदेश उठाउन लगाएर संवैधानिक इजलासमा पठाउने निर्णय गरेका हुन्।

सर्वोच्च अदालतका प्रवक्ता एवं सहरजिस्ट्रार अर्जुनप्रसाद कोइरालाले मुद्दालाई संवैधानिक इजलासमा पठाउने निर्णय केही दिनअघि नै भएको जानकारी दिए। उनका अनुसार प्रधानन्यायाधीशले संविधानले दिएको अधिकार प्रयोग गरी उक्त निर्णय गरेका हुन्।

नेपालको संविधानको धारा १३७ को उपधारा (३) मा सर्वोच्च अदालतमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिएमा प्रधानन्यायाधीशले त्यस्तो मुद्दा संवैधानिक इजलासमा पठाउन सक्ने व्यवस्था छ। यही संवैधानिक अधिकार प्रयोग गरी मुद्दालाई संवैधानिक इजलासमा पठाइएको प्रवक्ता कोइरालाले बताए।

तर, विचाराधीन मुद्दालाई यसरी संवैधानिक इजलासमा पठाइएको विषयमा नेपाल बार एसोसिएसनले प्रश्न उठाएको छ। बारले यसलाई आश्चर्यजनक भन्दै न्यायिक अभ्यास र परम्परासँग मेल नखाने दाबी गरेको छ।नेपाल बार एसोसिएसनका तर्फबाट वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइरालाले जारी गरेको विज्ञप्तिमा खुला इजलाससमक्ष विचाराधीन मुद्दा पेशीका दिन बहस तथा छलफलपछि कुन इजलासमा पठाउने वा नपठाउने भन्ने विषय टुंगो लगाउने परम्परा र अभ्यास रहेको उल्लेख गरिएको छ।

विज्ञप्तिमा भनिएको छ, "खुला इजलाससमक्ष विचाराधीन मुद्दा पेशीका दिन बहस छलफलद्वारा कुन इजलासमा पठाउने वा नपठाउने भन्ने विषय टुंगो लगाउने परम्परा र अभ्यास रही आएकोमा टिप्पणी आदेशको माध्यमबाट राष्ट्रिय महत्वको मुद्दा संवैधानिक इजलासमा सार्नु आश्चर्यजनक रहेको छ।" बारले परम्पराविपरीत संवैधानिक इजलासमा मुद्दा पठाउने तथा इजलासको छनोटका आधारमा मुद्दा तोक्ने कार्य न्यायपालिकाका मूल्यमान्यताविपरीत भएको जनाएको छ। बार एसोसिएसनले न्यायपालिका संविधानवादको रक्षक भएकाले यसलाई नियन्त्रित वा निर्देशित गर्न नहुनेमा जोड दिएको छ। संवैधानिक इजलासको छनोटपूर्ण गठन र तोक आदेशमार्फत विचाराधीन मुद्दा तोक्ने कार्यले 'नियन्त्रित न्यायपालिका'को खतरा देखिएको भन्दै यस्ता विषय तत्काल सच्याउन प्रधानन्यायाधीशसँग आग्रह गरेको छ।

# टाटाले नेपालमा ल्यायो नयाँ पञ्च ईभी र टियागो ईभी, मूल्य २८ लाख ९९ हजारदेखि




काठमाडौं- टाटा मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले काठमाडौंको भृकुटीमण्डपमा जारी 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' मार्फत दुई नयाँ विद्युतीय सवारीसाधन नेपाली बजारमा सार्वजनिक गरेको छ।

कम्पनीले एक्स्पोको अवसर पारेर नयाँ पञ्च ईभी र टियागो ईभी सार्वजनिक गरेको हो। नयाँ पञ्च ईभीको प्रारम्भिक मूल्य ३३ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। एक्स्पो अवधिमा बुकिङ गर्ने ग्राहकले भने विशेष अफरअन्तर्गत ३२ लाख ९९ हजार रुपैयाँ मा पञ्च ईभी खरिद गर्न सक्ने कम्पनीले जनाएको छ।

त्यस्तै, नयाँ टियागो ईभीको सुरुवाती मूल्य २८ लाख ९९ हजार रुपैयाँ निर्धारण गरिएको छ। एक्स्पोमा यी दुवै मोडल बुकिङ गर्ने ग्राहकलाई कम्पनीले ११ वर्ष वा २ लाख २० हजार किलोमिटरसम्मको विस्तारित वारेन्टी उपलब्ध गराउने जनाएको छ।

गाडी सार्वजनिक कार्यक्रममा सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले नेपालमा पछिल्लो प्रविधिमा आधारित विद्युतीय सवारीसाधन भित्र्याउन कम्पनी प्रतिबद्ध रहेको बताए। पञ्च ईभी र टियागो ईभीको सार्वजनिकले कम्पनीको विद्युतीय सवारसाधनप्रतिको प्रतिबद्धता थप स्पष्ट गरेको उनको भनाइ छ।

उनका अनुसार दुवै मोडल फरक-फरक ग्राहकको आवश्यकता र प्रयोगलाई ध्यानमा राखेर विकास गरिएको हो।

**पञ्च ईभीमा दुई ब्याट्री विकल्प**

कम्पनीका अनुसार नयाँ पञ्च ईभी अत्याधुनिक 'एक्ट.ईभी' प्लेटफर्ममा आधारित छ। यसमा ३२ किलोवाट घण्टा र ४० किलोवाट घण्टा क्षमताका दुई ब्याट्री विकल्प उपलब्ध छन्।

नेपालमा गरिएको परीक्षणका आधारमा यी ब्याट्रीले एकपटक पूर्ण चार्जमा करिब ३०० देखि ३२५ किलोमिटरसम्मको रेन्ज दिने कम्पनीको दाबी छ।

पञ्च ईभीमा १९५ एमएमको ग्राउन्ड क्लियरेन्स, ५ स्टार सुरक्षा रेटिङ, ६ वटा एयरब्याग, ३६० डिग्री क्यामेरा, फास्ट चार्जिङ, भ्वाइस एक्टिभेटेड सनरुफ, २६.०३ सेन्टिमिटरको हर्मन इन्फोटेनमेन्ट तथा डिजिटल ककपिट, भेन्टिलेटेड सिट र ३६६ लिटरको बुट स्पेसलगायत सुविधा उपलब्ध छन्।

**टियागो ईभीमा सुरक्षासँगै प्रविधिमा जोड**

दैनिक आवतजावतलाई सहज बनाउने उद्देश्यले ल्याइएको नयाँ टियागो ईभीमा नयाँ डिजाइन तथा विभिन्न रङ विकल्प उपलब्ध रहेको कम्पनीले जनाएको छ।


टियागो ईभीमा ३६० डिग्री एचडी क्यामेरा प्रणाली, २६.०३ सेन्टिमिटरको इन्फोटेनमेन्ट प्रणाली र ६ वटा एयरब्याग लगायतका सुरक्षा तथा प्रविधिमैत्री सुविधा समावेश छन्।


**चार्जिङ र सर्भिस नेटवर्क विस्तार**

सिप्रदीले विद्युतीय सवारसाधनको बिक्रीसँगै आवश्यक पूर्वाधार विस्तारमा पनि जोड दिँदै आएको जनाएको छ। कम्पनीका प्रमुख सञ्चालन अधिकृत राजेशप्रसाद गिरीले ईभी प्रयोगकर्तालाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले चार्जिङ तथा सर्भिस नेटवर्क विस्तार भइरहेको बताए।

कम्पनीका अनुसार हाल २१ भन्दा बढी ईभी सर्भिस सेन्टर, ४० वटा डीसी चार्जिङ प्वाइन्ट र १५० भन्दा बढी एसी चार्जिङ प्वाइन्ट सञ्चालनमा छन्।


नाइमा मोबिलिटी एक्स्पोमार्फत नयाँ मोडलका विद्युतीय सवारसाधनप्रति ग्राहकको आकर्षण बढ्ने कम्पनीले अपेक्षा गरेको छ।









# गोरखा जिल्लाको सिरान्चोक परिचय



सरोज पोखरेल

सामाजीक न्याय सुशासन र समृद्धिको राष्ट्रिय संकल्प सहित गणतन्त्र शासकिय सुधार नेपालको गण्डकी प्रदेश स्थित नेपालले ऐतिहासीक र सास्कृतिक प्रसिध्द गोरखा जिल्लामा मध्यउच्च पहाडी भागको दक्षिण पश्चिममा पर्दछ । जिल्लाको ९ ओटा गाउँपालिका र २ वटा नगरपालिका मध्ये यस गाउँपालिका जिल्लाको सदरमुकाम गोरखा बजार देखि ३० कि.मीको दूरीमा पर्दछ । संघीय शासन प्रणाली अनुसार स्थानीय तह पुनःसंरखता प्रक्रियामा गोरखा जिल्लाको साविक तत्कालिन ७ गाउँ विकास समितिहरु केरावारी, थालाजुङ, छोप्राङ, हर्मिगाखु, श्रीनाथ कोट र जौवारी समायोजन भएर २०७३ सालमा यो गाउँपालीका स्थापना भएको हो । कुल क्षेत्रफल १२१.५९ वर्ग किमी रहेको छ । यस गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन् । यस गाउँपालीका समुन्द्र सतहबाट ४३४ मि. को उचाई देखी १९७३ मिटर सम्म सम्म फैलीउको छ । यस गाउँपालीका पूर्वमा अजिरकोट र बरपाक, सलिकोट गाउँपालीका, पश्चिममा पालुङ्टार नगरपालीका, उत्तरमा लमजुङ जिल्लाको राईनास नगरपालीका र दुधपोखरी गाउँपालीका र दक्षिणमा भीमसेन थापा गाउँपालीका र गोरखा नगरपालीका पर्दछ । यस गाउँपालीका ऐतिहासीक सांस्कृतिक, जैविक विविधता तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । एउटा प्रचलित भानाई अनुसार सिरानचोकको पुरानो नाम स्यार्तन हो स्यार्तनको अर्थ सबैको प्रिय अग्लो डाँडा भन्ने डाँडाहरुको रुपमा चिनिने यस क्षेत्र नेपाल एकीककरणको प्रारम्भिक स्थान र तत्का लिन अवस्थामा गोरखा राज्यको वाइसे चौविसे राज्यहरुको आक्रमणबाट बच्न र उनिहरुसँग लडाई गर्ने रक्षा किल्लाको रूपमा परिचित छ ।

बाघ भिमसेन थापा र बडाकाजी अमर सिंह थापाको जन्म स्थान समेत सिरानचोक हो भन्ने भनाई छ। गोरखा जिल्लाको दक्षिण पश्चिम क्षेत्रमा अवस्थित रहेको छ । कुल र ८ वटा वडा कायम भएको २ नगरपालीका र ९ गाउँपालीका गरी ११ स्थानीय तह मध्ये एक गाउँपालीका हो । यो गाउँपालीका जील्ला भीत्रको संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागी तय गरिएको प्रदेश 'ख' क्षेत्रमा पर्दछ । घरपरिवार संरक्षण २०७४ अनुसार गाउँपालीकाको कुल जनसंख्या ३१,४०८ रहेको छ । कूल परिवार संख्या ६,९८४ रहेको कुल जनसंख्या मध्य पुरुष तथा महिलाको जनसंख्या कमश १६,०७१ र १५,३३७ रहेको छ । ८ वटा वार्ड मध्ये ३ मा सबैभन्दा बढी अर्थात ५,५५७ रहेको छ भने वार्ड नं ५ मा सबै भन्दा न्यून जनसंख्या २,९८१ रहेको छ ।

जनजातीको आधारमा सबै भन्दा उच्च ७,८५८ अर्थात २५.०५ प्रतिश्थत घरपरिवार पहाडी आदीवासी जनजाती वा गुरुङ, जाती रहेको देखिन्छ र दोस्रो ब्राहमणको अनुपात २०.४६ प्रतिशत तेस्रोमा बरामुको अनुपात १७.०१ प्रतिशत चौथो क्षेत्रीको अनुपात १४.८९ प्रतिशत रहेको छ । यस गाउँपालीकामा २२ भन्दा बढी जनजातीको वसोवास रहेको छ। यस गाउपालीका भीत्र भू-उपयोग क्षेत्र खेती गरिरहेको जमिन ४८.३ वर्ग कि.मी. वनजगलले ढाकेको जमिन ६१.९८ वर्ग किमी, खर्क तथा चरन क्षेत्र १.५ वर्ग किमी आवास क्षेत्र ५.०० वर्ग कि.मी, वगर, नदी, खोला, ताल र पोखरी २.१७ वर्ग किमी रहेको छ ।

यस गा.पाको कुन क्षेत्रफल मध्ये ४०% कृषिभूमिले ओगटेको यस गा.पाको मुख्य पेश कृषि नै रहेको छ । कुन आर्थिक रूपमा क्रियासिल जनसंख्या मध्ये २९.२ प्रतिशत मानीसहरु कृषि, ५ प्रतिशत वैदेशिक रोजगार, ७ प्रतिशत नौकरी, २.८% ज्याला मजबूरी, २ प्रतिशत व्यापार व्यावसाय, उद्योग अन्य ९.१ प्रतिशत, विद्यार्थी २२.६ प्रतिशत, बालवालीका १३.८, घरयासी काम ५ प्रतिशत, वेरोजगार अन्य बाँकी भत्ता पेन्सनमा निर्भर रहेका छन् । आफ्नो उत्पादनले ९ देखी १२ महिना खान पुग्ने परिवार ५१.३% प्रतिशत रहेका छन् । यस गा.पा भीत्र ६२.७१% घरपरिवार १ महिनामा १०००/- बचत गर्ने देखिन्छ । २३ प्रतिशत घरपरिवार वार्षिक आम्दानी रु ५० हजार कम रहेको छ। कुल परिका मध्य ९३.४ प्रतिशतको निजी घर रहेको छ भने ५० घर पीरवार सार्वजनिक जग्गामा वसोवास गरिरहेका छन् । २० प्रतिशत परिवारको कुनै पनि किसिमको जग्गाको स्वामित्व रहेको छैन ।

**भौतिक पूर्वाधार विकास**

**४४ कि मी पक्कि सडक**

**३९५ किमी ग्राभेल सडक**

**१७८ किमी कच्ची सडक**

**सवै वडामा सडक कच्ची वा पक्कि सडक पुगेको छ एवं वार्डमा सडक कन्नी वा पक्की एकेछ।**

**प्राथमिकता क्षेत्र**

स्वास्थ्य, शिक्षा, समावेशी दीगो पूर्वाधार, वातावरण, शुशासन र व्यवसायिक कृषि, पर्यटन ।

यस गाउँपालीकामा सांस्कृतिक उत्कृष्टता जातीय एकता कायम राख्दै आ-आफ्नो चाडपर्व मेला जात्रा मनाउने गरिएको छ । समग्रमा दशैं, तिहार, होली, कृर्षण जन्माष्टमी, ल्होसार, बुद्धजयन्ती आदी चाडपर्वको रुपमा रहेको पाइन्छ । गहनाको रुपमा श्रीनाथ मण्डली क्षेडा गुम्वा, मठ मन्दिर लोक संस्कृति आदी रहेका छन् । ३८ वटा मठ मन्दिर, देवालयहरु तथा विभीन्न धार्मिक आस्था बोकेका रहेका छन् । पर्यटकीय स्थल श्रीनाथकोट ५ नं २ वार्डमा श्रीनाथ मण्डनी, ५, ७ वार्डमा र खेडा गुम्वा ५ नं वाईमा पर्दछ

# प्रतिनिधिसभा चुनावपछि पहिलोपटक गृहजिल्ला झापामा



काठमाडौं । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली प्रतिनिधिसभा निर्वाचनपछि पहिलोपटक आफ्नो गृहजिल्ला झापा पुगेका छन् ।

शनिबार झापाको चन्द्रगढी विमानस्थलमा अध्यक्ष ओलीलाई एमालेका नेता-कार्यकर्ता, शुभेच्छुक तथा स्थानीयले स्वागत गरेका थिए । विमानस्थलमा सञ्चारकर्मीहरूसँग भने ओलीले कुनै प्रतिक्रिया दिएनन् ।

ओली राजनीतिक तथा सांगठनिक कार्यक्रमका लागि झापा पुगेका हुन् । यसपटक झापामा उनको औपचारिक कार्यक्रम सीमित रहे पनि इलाममा भने विभिन्न भेटघाट तथा कार्यक्रम तय भएका छन् ।

चन्द्रगढी विमानस्थलमा स्वागत ग्रहण गरेपछि ओली सिधै इलामको फिक्कलतर्फ लागेका छन् । प्रदेश अध्यक्ष घनश्याम खतिवडाका अनुसार उनले शनिबार फिक्कलमा आयोजित आदिवासी जनजाति महासंघको केन्द्रीय कमिटी बैठकलाई प्रमुख अतिथिका रूपमा सम्बोधन गर्ने कार्यक्रम छ ।

महासंघको बैठकलाई सम्बोधन गरेपछि ओली शनिबार साँझ इलाम बजार पुग्ने र जिल्लाका अगुवा कार्यकर्तासँग भेटघाट तथा छलफल गर्ने कार्यक्रम रहेको खतिवडाले जानकारी दिए ।

इलामका कार्यक्रम तथा भेटघाट सकेर ओली आइतबार बिहानै झापा फर्किनेछन् । बिर्तामोडमा आइतबारदेखि सुरु हुने एमाले झापा जिल्ला कमिटीको 'पार्टी जागरण अभियान' ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । अभियान उद्घाटन समारोहलाई सम्बोधन गरेपछि अध्यक्ष ओली आइतबार अपराह्न ४ बजे काठमाडौं फर्किने कार्यक्रम रहेको जनाइएको छ ।

# नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ : पहिलो दिनमै २९ हजारभन्दा बढी दर्शक




काठमाडौं- नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) को आयोजनामा 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' भव्य रूपमा सुरु भएको छ । मंगलबार नेपाल प्रहरी क्लबस्थित प्रदर्शनी हलमा विशेष कार्यक्रमबीच एक्स्पोको उद्घाटन गरिएको हो ।

उद्घाटन कार्यक्रममा नाइमा अध्यक्ष रितु सिंह वैद्यले एक्स्पो सवारीसाधनको किनबेच गर्ने थलो मात्र नभई समग्र मोबिलिटी इकोसिस्टमलाई एउटै मञ्चमा जोड्ने उद्देश्यले आयोजना गरिएको बताइन् । उनले पटक-पटक परिवर्तन हुने नीतिगत व्यवस्थाले व्यवसायीमा अनिश्चितता बढाएको भन्दै निजी क्षेत्र तथा सरोकारवालासँग पर्याप्त छलफल गरेर मात्र नीति परिवर्तन गर्न सरकारलाई आग्रह गरिन् ।

कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक कार्कीले सवारीसाधन बिक्रीमा मात्र केन्द्रित नभई व्यवसायीले सामाजिक उत्तरदायित्वसमेत निर्वाह गर्नुपर्ने बताए । उनले ब्रान्ड तथा व्यवसायीलाई बिक्रीपछिको सेवामा विशेष ध्यान दिन आग्रह गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अन्जन श्रेष्ठले सरकारले अटोमोबाइल क्षेत्रलाई लामो समयदेखि राजस्वको स्रोतका रूपमा मात्रै हेरेको गुनासो गरे । उनले अटोमोबाइललाई विलासिताको वस्तु नभई आवश्यकताको क्षेत्रका रूपमा बुझ्नुपर्ने धारणा राख्दै नेपालमा अटोमोबाइल क्षेत्रमा विश्वकै उच्चमध्ये भन्सार दर रहेको बताए । विद्युतीय सवारीसाधनका लागि समेत स्थिर नीति आवश्यक रहेको उनको भनाइ थियो । नेपाल उद्योग परिसंघ (सीएनआई) का अध्यक्ष वीरेन्द्रराज पाण्डेले अटोमोबाइल क्षेत्र सरकारलाई उल्लेख्य राजस्व प्रदान गर्ने क्षेत्र भएकाले उच्च प्राथमिकतामा राख्नुपर्ने बताए । यातायात क्षेत्रमा हुने लगानी र यसको दिगो विकासले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याउने उनले उल्लेख गरे ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले मोबिलिटी क्षेत्र यातायातमा मात्र सीमित नरहेको भन्दै यसलाई देशको आर्थिक समृद्धिसँग प्रत्यक्ष जोडिएको क्षेत्रका रूपमा लिनुपर्ने बताए । उनका अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा मोबिलिटी क्षेत्रको करिब ७ प्रतिशत योगदान छ । बैंकिङ, बिमा, पर्यटन, निर्माण र सूचना प्रविधिजस्ता क्षेत्रसँग मोबिलिटी क्षेत्र अन्तरसम्बन्धित रहेकाले यसलाई आर्थिक विकासको इन्जिनका रूपमा लिनुपर्ने उनको भनाइ थियो ।

एक्स्पोको पहिलो दिन विभिन्न ब्रान्डले ४८ नयाँ मोडलका सवार ीसाधन सार्वजनिक गरेका छन् । पहिलो दिनमै २९ हजारभन्दा बढी दर्शकले एक्स्पो अवलोकन गरेको आयोजकले जनाएको छ । एक्स्पो अवधिभर करिब डेढ लाख दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ ।

एक्स्पोको पहिलो दिन 'Investment and Foreign Direct Investment (FDI): Mobilizing Fuel for Economic Growth' विषयमा विशेष प्यानल छलफलसमेत आयोजना गरिएको थियो । पूर्वबैंकर अनिलकेशरी शाहले सहजीकरण गरेको छलफलमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवं आर्थिक अनुसन्धान विभाग प्रमुख डा. सत्येन्द्र तिमिल्सिना, डोल्मा फाउन्डेसनका अध्यक्ष टिम गोचर, नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवाली र नाइमा अध्यक्ष रितु सिंह वैद्य सहभागी थिए । 'लर्निङ सेसन' मा पनि तीन सयभन्दा बढीको सहभागिता रहेको आयोजकले जनाएको छ ।

एक्स्पो अवधिभर स्वदेशी तथा विदेशी विज्ञको सहभागितामा विभिन्न लर्निङ सेसन, पोलिसी डायलग र उद्योग-अन्तरक्रियालगायत कार्यक्रम सञ्चालन हुनेछन् । ग्रान्डी इन्टर नेसनल हस्पिटलले 'Basic Life Support and Immediate Care after Road Traffic Accidents' विषयमा जानकारीमूलक विशेष प्रस्तुति पनि दिएको थियो ।

नेपालमा दिगो, हरित तथा प्रविधिमैत्री यातायात प्रणालीलाई प्रवर्धन गर्ने उद्देश्यले आयोजना गरिएको यो दोस्रो संस्करणको एक्स्पो छ दिनसम्म, साउन ३१ गतेसम्म सञ्चालन हुनेछ ।





सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनआकाशको सम्मानले बढाएको जिम्मेवारी र पत्रकारिताप्रतिको मेरो प्रतिबद्धता



**राजन महतारा क्षेत्री**

जीवनमा केही यस्ता क्षणहरू हुन्छन्, जसले व्यक्तिको सोच, आत्मविश्वास र भविष्यको यात्रालाई नयाँ दिशा दिन्छन्। मेरा लागि २०७९ साल साउन ३१ गते त्यस्तै एउटा अविस्मरणीय दिन बन्यो। सोही दिन जनआकाश मिडियाले आफ्नो १५औं वार्षिक उत्सवका अवसरमा रामेछाप जिल्लामा सक्रिय रूपमा पत्रकारिता गरिरहेको युवा पत्रकारका रूपमा मलाई युवा पत्रकारिता पुरस्कार प्रदान गर्‍यो। तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्र कार्कीज्यूको हातबाट उक्त सम्मान ग्रहण गर्ने अवसर पाउनु मेरो पत्रकारिता जीवनको सबैभन्दा गर्विलो उपलब्धिमध्ये एक हो।

त्यो दिन मैले एउटा पुरस्कार मात्र प्राप्त गरेको थिइनँ, मैले समाजले पत्रकारिताप्रति राखेको विश्वास र अपेक्षालाई पनि महसुस गरेको थिएँ। सम्मानले क्षणिक खुसी मात्र दिँदैन, यसले व्यक्तिमा नयाँ जिम्मेवारीबोध पनि जगाउँछ। त्यसैले मैले त्यो सम्मानलाई उपलब्धिको अन्तिम बिन्दुका रूपमा होइन, अझ इमानदार, उत्तरदायी र जनपक्षीय पत्रकार बन्ने प्रेरणाका रूपमा लिएको छु। पत्रकारिता एउटा पेशा मात्र होइन, लोकतन्त्रको जीवनरेखा हो। समाजका आवाजलाई सत्तासम्म पुर्‍याउने, नागरिकका समस्या उजागर गर्ने, विकासका सम्भावनालाई प्रकाशमा ल्याउने र सार्वजनिक निकायलाई उत्तरदायी बनाउने महत्वपूर्ण भूमिका पत्रकारिताले निर्वाह गर्छ। यही विश्वासका साथ मैले रामेछाप जिल्लामा बसेर आफ्नो पत्रकारिता यात्रालाई निरन्तरता दिएको छु।

रामेछाप प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र सम्भावनाले सम्पन्न जिल्ला भए पनि विकासका दृष्टिले अझै धेरै चुनौतीसँग जुधिरहेको छ। दुर्गम बस्तीका नागरिकका आधारभूत समस्या, शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि, पर्यटन, स्थानीय सरकारका गतिविधि, विपद् व्यवस्थापन र सामाजिक रूपान्तरणका विषयहरूलाई मैले आफ्नो समाचार र लेखनको केन्द्रमा राख्दै आएको छु। राजधानीको सुविधासम्पन्न वातावरणभन्दा टाढा बसेर पत्रकारिता गर्नु आफैंमा चुनौतीपूर्ण छ। कतिपय समाचारका लागि घण्टौं हिँड्नुपर्छ, जोखिम मोल्नुपर्छ, सीमित साधनस्रोतका बीच सत्य तथ्य संकलन गर्नुपर्छ। तर यिनै चुनौतीहरूले पत्रकारिताप्रतिको मेरो प्रतिबद्धतालाई अझ मजबुत बनाएका छन्।

आज सूचना प्रविधिको तीव्र विकाससँगै पत्रकारिताको स्वरूप पनि परिवर्तन हुँदै गएको छ। सूचना प्रवाहको गति बढेको छ, तर गलत सूचना र अपुष्ट सामग्रीको जोखिम पनि त्यत्तिकै बढेको छ। यस्तो अवस्थामा पत्रकारको जिम्मेवारी झन् बढेको छ। सत्य, सन्तुलित र तथ्यमा आधारित समाचार सम्प्रेषण गर्नु आजको सबैभन्दा ठूलो चुनौती हो। पत्रकारले लोकप्रियताभन्दा विश्वसनीयतालाई प्राथमिकता दिनुपर्छ। समाजलाई भ्रम होइन, सत्य सूचना आवश्यक हुन्छ।

पत्रकारिता केवल समाचार लेख्ने काममा सीमित हुँदैन। यसले समाजलाई सचेत बनाउने, सकारात्मक परिवर्तनका लागि वातावरण सिर्जना गर्ने र लोकतान्त्रिक संस्कृतिलाई सुदृढ बनाउने दायित्व पनि बोकेको हुन्छ। यही उद्देश्यका साथ मैले रेडियोमार्फत नागरिकका पक्षमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छु। स्थानीय समुदायका समस्या, जनस्वास्थ्य, शिक्षा, सुशासन, वातावरण संरक्षण र सामाजिक उत्तरदायित्वका विषयलाई रेडियोमार्फत आम नागरिकसम्म पुर्‍याउने प्रयास निरन्तर जारी छ।

पत्रकारितामा संघर्ष धेरै छन्। आर्थिक रूपमा यो पेशा धेरै आकर्षक नहुन सक्छ, तर समाजका लागि यसको योगदान अमूल्य हुन्छ। कतिपय अवस्थामा निरन्तर मेहनत गर्दा पनि उचित मूल्यांकन नपाउँदा निराशा आउन सक्छ। यस्तै समयमा प्राप्त हुने एउटा सम्मानले पत्रकारलाई पुनः उभिन, अझ दृढताका साथ काम गर्न र आफ्नो उद्देश्यप्रति प्रतिबद्ध रहन प्रेरित गर्छ। मैले प्राप्त गरेको युवा पत्रकारिता पुरस्कारले पनि मलाई त्यही ऊर्जा प्रदान गरेको छ। त्यो सम्मानले मलाई अझ जिम्मेवार बनाएको छ र आफ्नो पेशाप्रतिको विश्वासलाई थप बलियो बनाएको छ।


म आज पनि समाचार लेख्दा वा रेडियो कार्यक्रम सञ्चालन गर्दा त्यो सम्मानको क्षण सम्झन्छु। किनकि त्यो केवल एउटा प्रमाणपत्र वा ट्रफी होइन, समाजले दिएको विश्वासको प्रतीक हो। त्यो विश्वासलाई जोगाइराख्नु नै मेरो सबैभन्दा ठूलो दायित्व हो। पत्रकारिताको मूल धर्म सत्य, निष्पक्षता र जनउत्तरदायित्व हो भन्ने मान्यतालाई आत्मसात् गर्दै मैले आफ्नो यात्रालाई अघि बढाएको छु।

यस अवसरमा मलाई सम्मानित गर्ने जनआकाश मिडिया परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु। विशेषगरी जनआकाश मिडियाका सञ्चालक मोहन कार्कीज्यूलाई म सम्मानपूर्वक सम्झन चाहन्छु। उहाँहरूले गरेको सम्मानले मेरो व्यक्तिगत उत्साह मात्र बढाएको छैन, जिल्लामा रहेर निष्ठापूर्वक पत्रकारिता गरिरहेका पत्रकारहरूको योगदान पनि राष्ट्रिय रूपमा मूल्यवान् छ भन्ने सन्देश दिएको छ। यस्ता सम्मानहरूले मोफसलमा कार्यरत पत्रकारहरूको मनोबल बढाउने र उनीहरूलाई अझ जिम्मेवार ढंगले काम गर्न प्रेरित गर्ने विश्वास लिएको छु।

लोकतन्त्रलाई बलियो बनाउन स्वतन्त्र, निष्पक्ष र उत्तरदायी पत्रकारिता अपरिहार्य हुन्छ। पत्रकारिताले कुनै व्यक्ति वा संस्थाको मात्र होइन, सम्पूर्ण समाजको हितलाई केन्द्रमा राख्नुपर्छ। यही मूल्य र मान्यतालाई आत्मसात् गर्दै भविष्यमा पनि नागरिकका आवाजलाई बुलन्द बनाउने, सत्यलाई निडरतापूर्वक प्रस्तुत गर्ने र जनहितलाई सर्वोपरि राख्ने आफ्नो दायित्वबाट म कहिल्यै पछि हट्ने छैन।

मलाई प्राप्त भएको सम्मान मेरो यात्राको अन्त्य होइन, अझ ठूलो जिम्मेवारीको सुरुआत हो। यही प्रेरणालाई साथमा लिएर सत्य, व्यावसायिकता र जनपक्षीय पत्रकारिताको आदर्शलाई जीवनभर कायम राख्ने मेरो अटल प्रतिबद्धता रहनेछ।

# ‘एसटीडी ट्रिटमेन्ट क्लिनिक’ बन्द गर्न काउन्सिलको निर्देशन



काठमाडौं। नेपाल मेडिकल काउन्सिलले काठमाडौं महानगरपालिका-२६, ठमेलमा सञ्चालित ‘एसटीडी ट्रिटमेन्ट क्लिनिक’लाई तत्काल सिलबन्दी गरी बन्द गर्न सम्बन्धित निकायलाई सिफारिस गरेको छ।

काउन्सिलले क्लिनिकविरुद्ध परेको उजुरीका आधारमा गठित छानबिन टोलीको प्रतिवेदन तथा नेपाल मेडिकल काउन्सिल ऐन, २०२० र नियमावली, २०२४ बमोजिम निर्णय गर्दै कारबाही प्रक्रिया अघि बढाएको हो।

काउन्सिलका अनुसार क्लिनिकमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीसम्बन्धी विभिन्न विषयमा समेत कारबाही प्रक्रिया अघि बढाइएको छ। एक जना चिकित्सकले म्याद समाप्त भएको लाइसेन्स प्रयोग गरी कार्यक्षेत्रबाहिर गई उपचार गरेको पाइएपछि स्पष्टीकरण मागेर कारबाही प्रक्रिया अघि बढाइएको काउन्सिलले जनाएको छ।

त्यस्तै, अर्का एक चिकित्सकले काउन्सिलमा दर्ता नभएको उपाधि प्रयोग गरी भ्रम सिर्जना गरेको पाइएपछि उनीविरुद्ध पनि कारबाही प्रक्रिया अघि बढाइएको छ।

एक जना विदेशी चिकित्सकको शैक्षिक योग्यता र संलग्नतासम्बन्धी आधिकारिक अभिलेख तथा थप जाँच भइरहेको काउन्सिलले जनाएको छ। त्यस्तै, एक जना चिकित्सकले दाबी गरेको प्रशिक्षण प्रमाणपत्रको आधिकारिकता अध्ययन भइरहेको छ। क्लिनिकमा दर्ता तथा इजाजतपत्रबिना कार्यरत स्वास्थ्य सहायकलगायतका स्वास्थ्यकर्मीलाई कारबाहीका लागि सम्बन्धित विषयगत परिषद्हरूमा सिफारिस गरिएको पनि काउन्सिलले जनाएको छ। त्यस्तै, गैरकानुनी रूपमा सञ्चालन गरिएको फार्मेसी र औषधिको स्रोतबारे विस्तृत अनुसन्धान गरी आवश्यक कारबाहीका लागि औषधि व्यवस्था विभागमा लेखी पठाइएको काउन्सिलले जनाएको छ।




**पूर्वप्रधानमन्त्री देउवा ...**

देउवा स्वदेश प्रवेश गर्ने वित्तिक्कै नेपाली काँग्रेस भित्रको विवाद मिलाउन देउवाले पहल गर्ने आकलन गरिएका थियो नभन्दै त्यस्तै भयो र राष्ट्रिय भेला तत्कालै आयोजना हुनु नेता, कार्यकर्तामा उत्साह देखिनु नेपाली काँग्रेसको लागि सुखद भएको देखिन्छ।

समय र परिस्थितिले देशको राजनीतिक अर्को मोडमा भएपनि देउवाले डडेलधुरावाट सर्घष गर्दै नेपालको प्रजातान्त्रिक आन्दोलनमा पुर्‍याएको योगदान, त्याग, तपस्या र उक्त उपलब्धि पछि राष्ट्रिय राजनीतिमा महत्वपूर्ण मन्त्रालय सगाल्दै ५ पटक प्रधानमन्त्री भईसकेका व्यात्तित्व हुन्।

देउवा स्वदेश फर्केपछि सुदुरश्चिममा उल्लास

काठमाडौमा देउवाले राष्ट्रिय भेलाको आयोजना गरिरहदा नेपालको सुदुर पश्चिम प्रदेशमा उल्लास, खुशी छाएको छ। वर्तमानको परिस्थिति जे जस्तो भएपनि नेपालमा ठूला माफियाहरुको ठेक्काको प्रतिस्पर्धामा नेपालको राजनीतिक पिसिदै आएको थियो र पिसिदै छ। तर वास्तविक जनताको लागि देउवाले सुदुरपश्चिमको लागि बनाएको प्रतिष्ठा र देशको प्रजातन्त्रिक व्यवस्थाका लागि खेलेको भूमिका कारण सुदुरश्चिमका जनताले यतिवेला देशलाई जिम्मेवार अभिभावक चाहिएको महसुस गरेका हुन सक्छन्।

त्यसैले राजनीतिक बृत्तमा सुदुरपश्चिमवाट उठेको जनताको उभार देशैभरी नजाला भन्न सकिदैन। यो राजनीतिक हलचलले नेपाली काँग्रेसको आउदो अद्यावधिक महाधिवेशनले झनै फरक पार्ने देखिन्छ। नेपालमा गणतन्त्र स्थापना पछि नागरिकहरुले देशमा व्यावस्था परिवर्तन भएपनि अभिभावक नभएको जस्तो महसुस गर्न थालेका छन्। त्यसको व्यवस्थापन नेपाली काँग्रेस पार्टीको जिम्मेवारीमा आएको जस्तो देखिन्छ। यिनै विषयवस्तुमा राजनीतिक हलचल हुन थालेको छ।

**स्वास्थ्य प्रणाली...**

ढंगले लागू गर्ने भन्ने विषयमा छलफल भएको हो। छलफलमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत क्युरेटिभ सेवा प्रभागका निर्देशक डा पवनजंग रायमाझीसहित विभिन्न सरकारी स्वास्थ्य संस्थामा कार्यरत पेडियाट्रिक, न्युरोलोजी, कार्डियोलोजी, हेमोफिलिया, ओरल हेल्थ, ईएनटीलगायत १८ क्षेत्रका विशेषज्ञ डाक्टरहरु सहभागी भएका थिए।

विशेषज्ञ डाक्टरहरुले आ-आफ्नो क्षेत्रमा प्रयोग भइरहेको प्रोटोकल प्रयोगका सजिला–अप्ठेरा पाटा केलाउँदै सुधारका लागि समेत सुझाव दिए। साथै, फरक फरक विभाग तथा महाशाखाले बनाउँदाखेरि प्रोटोकलमा समन्वयको अभाव भएकाले सो कुरा समाधान गरिनुपर्ने पनि बताएको थिए।

डा. रायमाझीका अनुसार आवश्यकता हेरी अहिले १९ वटा प्रोटोकल बनाइएका छन्, जसमध्ये केहीमात्र स्वीकृत भएर लागू भइसकेका छन् भने कतिपय प्रक्रियामै रहेका छन्। लागू भएकाहरुमा पनि एकरुपता कायम गर्न समयानुकूल परिमार्जनको आवश्यकता छ। यस्तै, बिरामी परीक्षणकै क्रममा पनि डाक्टरले यसो गरे कसो होला भन्दै सीटी स्क्यान, एमआरआई लगायतका लागि अनावश्यक प्रिस्क्रिप्सन गरिदिने र त्यसले आर्थिक भार बिमा कार्यक्रममा थपिने भएकाले आवश्यकताको आधारमा मात्र परीक्षण गर्ने गरी निश्चित प्रोटोकल बनाउन आवश्यक रहेको र त्यसका लागि पनि छलफल प्रभावकारी हुने उनको भनाइ थियो।

प्रोटोकलको परिमार्जनसहित प्रभावकारी प्रयोगले अनावश्यक परीक्षण र महँगा औषधिहरू कटौती हुने भएकाले बिरामीको उपचार खर्च घट्ने र सरकारी कोषको दुरुपयोग रोकिनुका साथै सरकारी स्वास्थ्य बीमा कार्यक्रमलाई समेत व्यवस्थित बनाउन सहज पुग्ने विश्वास गरेको छ।


**आँनै आम्दानीबाट ...**


देश विकास गर्ने नीति लिएको उनको दाबी छ। जनताको विकास सम्बन्धी आशा र आकांक्षाको तुलनामा मुलुकको सामर्थ्य कम रहेको र यहीबेला दातृ निकायको ऋण पनि महँगो बनेको उनले बताए।

‘विगतदेखि नै हामीले देखिरहेका छौँ कि ऋण लिएर ऋण र त्यसको ब्याज तिरिरहेका छौँ। नियमित र अत्यावश्यक राज्यको दायित्व साढे १३ सय अर्ब छ। सरकारको आम्दानी १२ सय ५० अर्ब हाराहारी मात्रै छ,’ अर्थमन्त्री डा. वाग्लेले भने, ‘अहिले हामीले करको दर फराकिलो बनाएको र कर तिर्न प्रोत्साहनका कार्यक्रम ल्याएको यसैका लागि हो।’

अर्थमन्त्री वाग्लेले ऋण पनि लिन नहुने, कर पनि तिर्न नपर्ने तर विकास चाहिँ जसरी पनि गरिदिनुपर्छ भन्ने सोचबाट सबै जना माथि उठ्नुपर्ने पनि बताए। करको दायरा फराकिलो बनाउँदा नयाँ क्षेत्रमा कर थपियो भन्ने गुनासाहरू सम्बोधन गर्न सरकारले अन्तिम करको दायित्वबाट सर्वसाधारणलाई बचाउनेमा आश्वस्त रहन पनि उनले बताए।

सरकारले २१ सय २४ अर्बको बजेटमार्फत निजी क्षेत्रलाई उद्वेलित बनाएर ६६ खर्बको अर्थतन्त्र चलायमान बनाउन खोजेको पनि उनले बताए। अब छिट्टै प्रवासी नेपालीहरूलाई पनि नेपालमा लगानी गर्ने वातावरण अघि बढाउने उनले बताए।



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ४,
२०८३ साल साउन ३१ गते आइतबार
16 AUGUST 2026, TUESDAY




जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार